ehetaudasandesh.com

हेटौंडा सन्देश राष्ट्रिय दैनिक

प्रदेश "क" वर्ग

Hetauda Sandesh Daily

वर्षः २५ ॥ अंकः ३१६ ॥ बिहीबार २४ बैशाख २०८३ ॥ पञ्चमी ॥ ने.सं. ११४६ ॥ बछलागा ॥ Thursday 7 May 2026 ॥ पृष्ठ : ४ ॥ मूल्य: रु.३/-

## सिन्धुलीमा स्कुटर दुर्घटना १ को मृत्यु

सन्देश संवाददाता

हेटौँडा/सिन्धुलीको कमलामाई नगरपालिका-२ तेहसयस्थित बीपी राजमार्गमा भएको स्कुटर दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने चालक घाइते भएका छन् । मंगलबार दिउँसो २ बजेको समयमा गढीबाट सिन्धुलीतर्फ आउँदै गरेको बा.प्र ०१-०१६ प ५४२९ नम्बरको स्कुटर अनियन्त्रित भई दुर्घटना भएको प्रहरीले जनाएको छ।

स्कुटर चालक हेटौँडा-६ का २५ वर्षीय आदर्श चौलागाई र पछाडी सवार ३९ वर्षीय बिकेस घिमिरे घाइते भएका थिए । दुर्घटनामा स्कुटर चालक चौलागाई सामान्य घाइते भएका थिए भने पछाडि सवार घिमिरे गम्भीर घाइते भएका थिए । घाइते घिमिरेलाई उपचारका लागि काठमाडौं स्थित ह्याम्स अस्पताल लगिएको थियो ।

उपचारका क्रममा चिकित्सकले घिमिरेलाई मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ। घाइते स्कुटर चालक चौलागाईलाई जोरपाटीस्थित नेपाल अर्थोपेडिक अस्पतालमा उपचारपछि डिस्चार्ज गरिएको र हाल ह्याम्स अस्पतालमै फलोअपमा रहेको प्रहरीले जनाएको छ। दुर्घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

*"हुप्रचौरा खाली राखौं "अभियानको उपलब्धी*

# जेष्ठ नागरिक बिश्राम स्थलको काम रोकियो



सन्देश संवाददाता

हेटौंडा/हेटौंडा-४ स्थित हुप्रा चौरभित्रै निर्माण हुन लागेको जेष्ठ नागरिक बिश्राम स्थलको निर्माण कार्य रोकिने भएको छ।

बागमती प्रदेश संस्कृती तथा पर्यटन मन्त्रालयअन्तर्गतको बजेटबाट पर्यटन बिकास आयोजना हेटौंडाले उक्त भवन निर्माण कार्य गरेको हो। 'हुप्रचौर खाली राखौं' अभियानका टोलीले बुधवार मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी, हेटौंडा उपमहानगरपालिका र पर्यटन बिकास आयोजनामा मौखिक आग्रहमा हाललाई निर्माण कार्य रोकिएको हो।

आयोजनाको १८ लाख लागतमा निर्माण हुन गईरहेको उक्त बिश्राम स्थल निर्माण गर्दा भोलिका दिनमा बालबालिका, खेलाडी तथा अन्य निकायले यस्तै भवनको माग गर्दा हुप्रचौरमा खाली जमिननै नरहने अवस्था आउन सक्ने भएकोले हुप्रचौर खुल्ला राखौं अभियानको टोली सो भवन निर्माण कार्य रोक्न आग्रह गरेपछि काम रोकिएको अभियानकर्ता कमल मैनालीले जानकारी गराए।

५ दशकअघि हुप्रचौरलाई खुल्ला राख्न गरिएको परिकल्पनालाई हालका जनप्रतिनिधिले बिभिन्न बहानामा चौर सांधुरो बनाएकोमा रोष प्रकट गर्दै अवका दिनमा हुप्रचौरभित्र कुनै पनि स्थायी प्रकृतिका संरचना बनाउन नदिने अडान लिएको मैनालीले बताए।

जनप्रतिनिधिहरुले बिभिन्न बहानामा हुप्रचौरमा बिभिन्न नामका भवनहरु बनाउँदै चौर सक्काउने कार्य कुनै पनि कोणबाट मान्य हुनै नसक्ने भन्दै यस्ता संरचना निर्माण नगर्न/नगराउन हाम्रो माग हो अर्का अभियानकर्ता सागर लामिछानेले बताए।

सार्वजनिक जग्गामा जनप्रतिनिधिको लहडले भवन बनाउने र पछि त्यही भवनहरु भत्काउनु पर्ने अवस्था आएमा राज्यको करको दुरुपयोग हुन सक्ने भन्दै निर्माणाधिन बिश्रामस्थलको काम तत्काल रोक्न लामिछानेले आग्रह गरे।

हामीले सरोकारवाला निकायहरुमा गएर आफ्नो कुरा मौखिकरुपमा राखेका छौं, उहांहरुबाट बिरोध हुंदा हुंदा पनि जवरजस्ती काम गर्दैनौ भनेर आवश्वासन पाएका छौं, अब हामी करिव ५०० जनाको हस्ताक्षरसहित निर्माण कार्य रोक्न शुक्रबार लिखित उजुरी दिने क्रममा छौं अभियानकर्ता लामिछानेले भने।

यसै क्रममा हेटौंडा उपमहानगरपालिका-४ नम्बर वडा अध्यक्ष नविन सिग्देलले भने- दैनिक हजारौ जेष्ठ नागरिकहरूलाई घामपानी र हावाहुरीबाट बचाउन र घण्टौ जमघट भएर दु:खसुख साटासाट गर्ने स्थलको अति आवश्यक भएकोले हामीले यो स्थानमा आश्रय स्थल निर्माण गर्न आग्रह गरेका हौं।

यस बिषयमा हेटौंडा सन्देशले अभियानको सुरुवात गरेको थियो र सामाजिक सञ्जालमार्फत् 'हुप्रचौर लाई खुल्ला राख्नुपर्छ कि पर्दैन' भन्ने ब्यहोराको स्टाटसमार्फत्।

सो स्टाटसमा १६२ जनाले लाईक गरेका थिए भने ५१ जनाले आफ्नो धारणा राखे भने १२ जनाले शेयर गरेका थिए। आफ्नो धारणा राख्ने ५१ जनामध्ये वडा अध्यक्ष सिग्देल समर्थक दलका कार्यकर्ता ६ जनाले जति संरचना बनाए पनि वडाअध्यक्षलाई छुट हुने र पुर्वएमाले कार्यकर्ताले काईते पारमा वडा अध्यक्षाको घुमाउरो समर्थन गरेका थिए, जसमध्ये एकजना हेटौंडा उपमहानगरपालिकाका पुर्व उच्च पदका कर्मचारीसमेत रहेका थिए।

नेपालको राजनीति कहाबाट कहाँ पुगिसक्यो तर हाम्रा जन-प्रतिनिधिहरु स्थानीयबासीको आवाज सुन्ने पक्षमा अझै पनि देखिएका छैनन् जेनजि युवा लामिछानेले भने।

## विद्युत् पोल जडानका क्रममा बारम्बार लाटिदै



सन्देश संवाददाता

वीरगञ्ज/नेपाल विद्युत् प्राधिकरणअन्तर्गत वीरगञ्ज वितरण केन्द्रमा ठेक्कामार्फत् सञ्चालन हुने विद्युत् पोल जडान कार्यमा गम्भीर अनियमितता भएको तथ्य सार्वजनिक भएको छ।

विशेषगरी ग्रामीण क्षेत्रमा मापदण्ड विपरीत पोल जडान गर्दा विद्युत् आपूर्तिमा पटक-पटक अवरोध सिर्जना भइरहेको पाइएको छ । प्राधिकरणको प्राविधिक मापदण्डअनुसार विद्युत् पोल कम्तीमा दुई मिटर (करिब सात फिट) गहिराइसम्म खनेर जडान गर्नुपर्ने व्यवस्था भए पनि ठेकेदारहरूले लागत घटाउने उद्देश्यले चार फिट गहिराइमा मात्र पोल गाड्ने गरेको स्थानीयवासीको गुनासो छ।

यसरी जडान गरिएका पोल सामान्य हावाहुरी र वर्षामा समेत सजिलै ढल्ने गरेका छन् । ग्रामीण क्षेत्रमा खेतबारी तथा सडकछेउको जमिन मलिलो हुने र वर्षायाममा हिलाम्य बन्ने भएकाले पोल मजबुतरूपमा टिक्न नसक्ने समस्या अझ गम्भीर बनेको छ । यसको विपरीत सहरी क्षेत्रमा कडा जमिनका कारण कम गहिराइमा जडान गर्दा पनि समस्या कम देखिने भए पनि ग्रामीण क्षेत्रमा यस्तो लापरबाहीले ठुलो जोखिम निम्त्याइरहेको छ।

यसै साता आएको हावाहुरी र वर्षासँगै भएका दुई घटनामा डेढ सयभन्दा बढी विद्युत् पोल ढलेका थिए। पोल ढल्दा तारहरू यत्रतत्र फैलिनुका साथै विद्युत् आपूर्तिमा अवरोध सिर्जना भई सर्वसाधारण लामो समय अन्धकारमा बस्न बाध्य भएका छन्। स्थानीयवासीको अनुसार ठेकेदारहरूले जानाजानी मापदण्ड उल्लंघन गर्दै कम गहिराइमा पोल गाड्ने गरेको कारण पछि पोल ढलेपछि मर्मत सम्भारको नाममा पुन:आर्थिक लाभ लिन सकिन्छ । एउटै कामबाट दोहोरो आम्दानी लिने प्रवृत्ति मौलाउँदै गएको आरोप लाग्दै आएको छ।

सम्बन्धित निकायले प्रभावकारी अनुगमन र कारबाहीको प्रक्रिया नचाल्दा वा गर्न नसक्दा यस्ता अनियमितताहरु बारम्बार दोहोरिँदै आएको देखिन्छ । स्थानीयवासीले प्राविधिक मापदण्डको कडाइका साथ पालना गराउन र दोषी ठेकेदारमाथि कारबाही गर्न माग गरेका छन्।




*न हात, न गोडा*

# मुखले बनाएको स्केचले बदलिएको जीवन



सन्देश संवाददाता

हेटौडा/जन्मँदा नै असामान्य शारीरिक अवस्था लिएर आएको त्यो बालक। एउटा हात सानो, अर्को हात कुहिनोभन्दा तल नै नभएको, दुवै खुट्टा पनि नभएको । तर, अनुहार भने भर्खर फुलेको फूलझैँ उज्यालो र सर्लक्क परेको । २०५६ साल फागुन २० गते जन्मिएका आफ्ना जेठा छोरालाई पहिलो पटक काखमा लिँदा आमा दिलमाया लामा डरले काँपिन्।

छोराको शरीर हेर्दा उनी कहिलेकाहीँ आत्तिन्थिन्, भविष्य सम्झँदा मन झसंङ हुन्थ्यो । "यस्तो शरीर भएको छोराले के गरेर जीवन धान्ला ?" भन्ने प्रश्नले उनलाई दिनरात पिरोलिरह्यो । तर, त्यहीँबेला छोराको अनुहार हेर्दा भने उनको मन बिस्तारै शान्त हुन्थ्यो । जन्मने बित्तिकै बोल्ला जस्तो झरिलो र निर्दोष आँखाले उनलाई आशा दिन्थ्यो । त्यसैले त उनले संघर्ष गरेर हुर्काइन्। बोकेर विद्यालयसम्म पुऱ्याएर कखरा चिनाइन्।

मकवानपुरको थाहा नगरपालिका-१ का जन्मँदा नै अपांगता भएर जन्मिएका अमिर बोम्जम उनै हुन्, जसको जन्मले परिवारलाई मात्रै होइन छिमेकीहरुलाई समेत झस्कायो।

शारीरिकरुपमा कमजोर भएपनि उनी सानैदेखि मानसिकरुपमा भने अरुभन्दा क्षमतावान थिए । दिन, महिना, वर्ष गर्दै उमेरले ६ वर्ष लागे। पढ्ने चाहना गरेपछि अमिरकी आमाले घर नजिकै रहेको कालिकादेवि प्राथमिक विद्यालयमा भर्ना गरिदिइन् । विद्यालयको बिहानी घण्टी लाग्नेबेलामा बोकेर पुऱ्याउन जाने अनि छुट्ने बेलामा लिन जाने उनको डिउटी बन्यो । पढ्न रुची राख्ने अमिरले सोही विद्यालयमा कक्षा ५ सम्मको पढाइ पूरा गरे।

कक्षा ६ मा पढ्नका लागि झम्केश्वरी माध्यामिक विद्यालयमा भर्ना भए। विद्यालय टाढा भएका कारण घरमै पढेर परिक्षा दिन मात्रै जाने सल्लाहअनुसार भर्ना भएका उनले एक वर्ष जसोतसो बिद्यालय गए । परिक्षा दिनकै लागि भएपनि विद्यालयसम्म पुग्न निकै कठिन भयो। आफ्नो कारण आमालाई दु:ख भयो भन्ने लागेपछि अमिरले पढाई बीचमै रोक्ने निर्णय गरे।

'त्यतिबेला पढ्न जाने बेलामा अटो, बस अरु गाडीहरु पाइँदैन थियो। कहिलेकाँही त आमाले बोकेर नै पुऱ्याउनु हुन्थ्यो,' अमिरले भने, कति पटक त बसको भुँइमै बसेर पनि गएको याद छ। एकातिर सिट पाइँदैनथ्यो । अर्कातिर अहिले जस्तो अपांगता भएकालाई सिट छोड्नुपर्छ भन्ने चेतना पनि थिएन होला।' सानैदेखि चित्र कोर्न रुचाउने अमिरलाई पढ्न छोडेपनि आफ्नो कलामा निखार ल्याउँछु भन्ने अठोट भने मनमा संधैं थियो।

अमिर सानो हुँदा गाउँकै दिदी अनिता बलले घरमै अक्षर चिनाएकी थिइन्। उनी हरेक दिन अमिरको घर पुगेर पढाउँथिन्। विद्यालय छोडेपछि पनि अनिता नियमितरुपमै घरमै पुगेर अमिरलाई पढ्न सिकाउँथिन्। साँझ बिहानको समयमा मात्रै घरमा आमाबुवा र भाईबहिनीहरु हुन्थे । अनिता पनि फूर्सदको समय निकालेर मात्रै पुग्थिन्।

प्राय: हरेक दिनको दिउँसो एक्लै हुने अमिर त्यो दिन पनि एक्लै थिए। घरको झ्यालबाट बाहिर चिहाएर हेर्दै उनले सोचिरहे। घरमाथि रहेको त्यो सुन्दर गुम्बा घुम्न पाए कस्तो हुन्थ्यो होला !

यही घरमाथि भएको गुम्बाले मेरो पीडा किन नसुनेको होला ? भाईसँगै अंगालो मारेर स्कुल जान पाए कस्तो हुन्थ्यो होला ! यो सोच्दै उनले सेतो कागजमा सिसाकलमले चित्र कोरिरहे । झ्यालबाट देखेको गुम्बा कागजमा उतारे। यो चित्रले अमिर आफैलाई दंग बनाइदियो।

साँझ परेपछि अनिता दिदी आइपुगिन्। अमिरलाई अनिता दिदी कुनबेला आइपुग्लिन् र चित्र देखाउनु जस्तै भएको थियो । 'दिदी आउने बित्तिकै मैले कोरेको गुम्बाको चित्र देखाएँ, ती पलहरु स्मरण गर्दै उनी भन्छन्, 'त्यो चित्र देखेर दिदी पनि दंग पर्नुभयो। ल तिमी यस्तो भयौ भनेर पीर गर्नै पर्दैन । यतिराम्रो कला छ। बरु अझै धेरै बनाउने गर भन्नुभयो। त्यसपछि हो मैले आफूलाई देखेर हरेस खान छोडेको।'

दिन बित्दै गयो। एक्लोपनको साथी नै चित्रकला बन्न पुग्यो । मनले देखेका संसारलाई कागजमा उतार्ने बानी पऱ्यो। उनले कोरेको पहिलो चित्र नै त्यही गुम्बाको थियो। घरभित्रै बसेर उनले क्रमश संसारलाई स्केचमा उतार्न थाले। कहिले गौतम बुद्धको स्केच, कहिले हिमाल त कहिले विभिन्न पर्यटकीय गन्तव्यको स्केच कार्न सुरु गरे।

**करुणाले फेरियो जीवन :**

अपांगता भएकाहरुको क्षेत्रमा काम गर्दै आएको करुणा नेपाल नामको गैरसरकारी संस्थाले अमिरलाई भेट्यो । २०७२ सालको भूकम्पका कारण घर भत्किएर त्रिपालमा बस्दै आएका उनलाई उक्त संस्थाले उद्धार गऱ्यो । सांगीतिक क्षेत्रमा समेत रुची राख्ने उनलाई सोही संस्थाले परिवारको सल्लाहमा काठमाडौं लिएर गयो।

६/७ महिना काठमाडौं बस्दा अमिरको जीवनको पाना फेरियो । कागजमा कोर्दै आएको स्केजलाई अझ निखार्न तालिम लिए । सोही अवधिमा आधा दर्जनभन्दा बढी आधुनिक गीतहरुसमेत रेकर्ड गरे। उनले बनाएका स्केजलाई करुणा नेपालले प्रदर्शनीको व्यवस्थासमेत गरिदियो। सोही समयदेखि अमिरको कला अझ निखारियो। उनको कला खरिद गर्नेहरुको संख्या बढ्न थाल्यो। उनलाई विभिन्न डिजाइनको स्केच बनाउन अर्डर आउन थाल्यो।

दाँतले ब्रस च्यापेर सुन्दर स्केच बनाउन जान्ने भएपछि अमिरको दैनिकी फेरियो । ६/७ महिना काठमाडौँको बसाईपछि उनी गाउँ फर्किए। करुणा नेपालले उनीहरुको लागि बास बनाइदियो।

**स्केज बेचेरै सकियो ऋण :**

त्यसोत, बिरामी आमा बुवा, अनि साना भाइबहिनीको जिम्मेवारी अमिरकै काँधमा थियो । आफ्नो शरीरको भार यसका अघि केही लाग्दैनथ्यो। तामाका गाग्री, रहरले जोडेको टिभी र चरेसका थाल उठाएर साहुले लगेको दृष्य उनको मानसपटलमा टहलिरहेका हुन्थे । मनमा अठोट थियो, ती साहुको ऋण अवश्य तिरेर छोड्छु। तीनले लगेका सामान फिर्ता ल्याउँछु। उनको यही आत्माविश्वास र अठोटले केही वर्षमा आफ्ना सपना पूरा गरे। घर चलाउनका लागि बुवा आमाले साहुसँग लिएको ऋण स्केच बेचेर नै तिर्न सफल भएका थिए।

**भगवान् बनेर आइन् पुष्पा**

जसको कोही हुँदैन, उसको दैव हुन्छ भन्ने उखान नेपाली समाजमा प्रचलित छ । अमिरको जीवनमा पनि यस्तै मोडहरु आइरहे। करुणाको साथले आत्मानिर्भर बन्न सकेको उनको जीवनमा पुष्पाको इन्ट्री अप्रत्यासितरुपमा भयो। सामाजिक सञ्जालमार्फत् नै रोल्पाकी पुष्पा घर्तीमगरसँग अमिरको माया बस्यो। अमिरको शारीरिक अवस्थाको बारेमा थाहा हुँदाहुँदै पनि पुष्पाले अमिरलाई अंगालिन्। ५ वर्षअघि उनीहरुले आफूखुसी विवाह गरे। उमेर सँगै मानसिकरुपमा पनि ठुलो भइने रहेछ, आमा/बुवाले शौच गराउँदा लाज लाग्ने, अड फिल हुने भैरहेको थियो, अमिर भन्छन्, यस्तो अवस्थामा साथ दिने उनी मेरी श्रीमती मात्रै होइन, भगवान नै हो। अहिले त एकदमै सजिलो भएको छ। सुख, दु:ख बाँढ्न पाइएको छ।

आमा र बुवा दुवैजना मानसिक रोगी पनि हुनुहुन्छ। उनी आएपछि अब धेरै वर्ष बाँच्छु जस्तो लागेको छ । कक्षा १२ सम्मको अध्ययन सकाएकी पुष्पा अहिले अमिरको हेरचाहमा व्यस्त छिन्। मायामा रुप हेर्न नहुने भन्दै प्रेमविवाह गरेकी उनले मानशिक यातना भने निकै खेप्न पऱ्यो।

अपाङ्गता भएका श्रीमान्लाई नै बोकेर डुलाउन पर्ने भएपछि किन विवाह गरेको ? के देखेर विवाह गरेको ? कस्तो न सँग लभ परेछ भनेको त हात गोडा नै नभएकोसँग पो गको ? यस्ता प्रश्नहरुले पुष्पालाई घरीघरी मानसिक यातना दिन्छ।

अमिरको अनुहारमा हेरेर मुमुस्क हाँस्दै उनी भन्छिन्, 'होस् भन्नेको मुख थुन्न सकिदैनँ। टाढाको मानिसहरुले सर्पोट गरिरहनु भएको छ । आफन्तहरुले नै भन्ने हुन्। सामाजिक सञ्जालमा पनि नाम फेरेर आइडी बनाएर कमेन्ट गर्न आउँछन्। तर मलाई केही लाग्दैन। साँचो माया गरेको छु। हामी खुसी छौँ भनेपनि अरुको कुराको वास्ता गर्दिनँ।' अमिर दिनभरी बसेर क्यानभास स्केच कोर्छन् । रंगहरु देखि अरु सामानको जोहो पुष्पाले नै गरिदिन्छिन्।

उनीहरुले कोरेको स्केटको फोटो भिडियो सामाजिक सञ्जालमा राख्ने गरेका छन् । आजभोलि सामाजिक सञ्जालबाटै आएको अर्डर धान्न मुस्किल भैरहेको उनी बताउँछन्।

'धरै मानिसले स्केच मन पराएर तथा राम्रो लागेर नै किन्नुहुन्छ । कोहीले चाँहि मेरो अवस्था देखेर माया लागेर पनि किन्ने गर्नुभएको छ, अमिरले भने, 'जे होस् हात गोडा नै नभए पनि मुखको भरमै आफ्नो कला बेचेर खान पाएको छु । यो नै खुसीको कुरा हो।'

## मनहरीमा राहदानी र राष्ट्रिय परिचयपत्र बाढिदै

सन्देश संवाददाता

हेटौडा/नेपाल सरकारको सरकारी सेवा सुधारसम्बन्धि कार्यक्रमअन्तर्गत घर दैलो सेवा अवधारणा लागू गर्दै मकवानपुरको पश्चिमी क्षेत्र मनहरीबाट राहदानी र राष्ट्रिय परिचयपत्र वितरण गरिने भएको छ। मनहरीका स्थायीबासीलाई घर नजिकै सेवा प्रदान गर्ने उद्देश्यले वैशाख २५ गते शुक्रबार गाउँपालिका कार्यालयबाट राहदानी र राष्ट्रिय परिचयपत्र वितरण गर्ने कार्यक्रम तय गरिएको हो।

२०८० असार मसान्तसम्म जिल्ला प्रशासन कार्यालयमा उपस्थित भई राष्ट्रिय परिचयपत्रको आवेदन दिने मनहरी स्थायीबासी र हालसम्म राहदानीका लागि आवेदन दिएकाहरुको राहदानी वितरण गर्ने तयारी गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदीले जानकारी दिएका छन्। सुवेदीका अनुसार पालिकाको लामिटार ब्लकबाट शुक्रबार बिहान ९ बजेदेखि जनप्रतिनिधिका साथै मकवानपुरका प्रमुख जिल्ला अधिकारीसमेतको उपस्थितिमा राष्ट्रिय परिचयपत्र र राहदानी वितरण गरिनेछ।

सेवा वितरणलाई सहज, छिटो र प्रविधिमैत्री बनाउने उद्देश्यले सरकारले घरदैलो सेवाको अवधारणा ल्याएको थियो । सो अवधारणा कार्यान्वयन गर्दै राष्ट्रिय परिचयपत्र र राहदानी लिन प्रशासन कार्यालय धाउनुपर्ने बाध्यतालाई अन्त्य गर्न गाउँमै पुगी वितरण गर्न थालिएको प्रशासनले जनाएको छ । गाउँबाटै राष्ट्रिय परिचयपत्र र राहदानी वितरण गरिनेबारेको सूचना वडा कार्यालयमार्फत् टोल टोलमा पुऱ्याइएको छ।

पालिकाका सूचना प्रविधि अधिकृत आशिष मल्लका अनुसार पछिल्लो पटक ८८ जना मनहरी बासीले राहदानीका लागि आवेदन दिएकोमा सबैको राहदानी वितरण गरिनेछ । प्रत्यक व्यक्तिलाई फोनमार्फत् राहदानी लिन आउन सूचित गरिसकिएको उनले बताए।

## डेङ्गी नियन्त्रण उपकरण हस्तान्तरण



सन्देश संवाददाता

हेटौँडा/डेङ्गी संक्रमण नियन्त्रण गर्न रोटरी क्लब अफ हेटौँडाले हेटौँडा-८ लाई डेङ्गी नियन्त्रण उपकरण हस्तान्तरण गरेको छ । बुधबार वडाध्यक्ष रामकृष्ण थापालाई उपकरण हस्तान्तरण गरिएको रोटरी क्लब अफ हेटौँडाका अध्यक्ष प्रमेश प्रधानले जानकारी दिए।

वडा नम्बर ५ र ६ मा वितरण गरिसकेको र वडा नम्बर ८ सहित अन्य वडाहरुलाई वितरण गर्न लागिएको डेङ्गी नियन्त्रण उपकरणले संक्रमित क्षेत्रहरूमा रोकथाम र नियन्त्रण कार्यलाई प्रभावकारी बनाउने अध्यक्ष प्रधानले बताए । लामखुट्टे नियन्त्रणका लागि उपकरणहरू फगर मेसिन, सुरक्षात्मक पोशाक स्प्रेइङ सेटहरु हस्तान्तरण गरिएको हो । हस्तान्तरणसहित त्यसको सही प्रयोगबारे प्राविधिक अभिमुखीकरणसमेत गरिएको थियो।

कार्यक्रममा रोटरी क्लबका सचिव रामबाबु थापा तथा पदाधिकारीसहित रोटरी क्लब अफ मकवानपुरका पूर्वअध्यक्ष कविन सांगमीको उपस्थिति थियो । वडाध्यक्ष रामकृष्ण थापाले स्वास्थ्यका लागि स्थानीय तहले चाल्ने कदमलाई अझ प्रभावकारी बनाउन समन्वय आवश्यक रहेको बताए।

**उखान**: काम छैन् काज छैन् खाने बेला लाज छैन् ।

**बेलाको बोली**

नेपाली वित्त सानो होला तर, नेपाली चित्ता सानो छैन ।

*- भवानी भक्षु*

## सम्पादकीय

# हुप्रचौर खुल्ला राख

*बागमती प्रदेशको राजधानी हेटौंडा र यही हेटौंडा उपमहानगर पालिकाको केन्द्र बिन्दमा रहेका हुप्रचौरले हेटौंडालाई नेपालभर परिचित गराउने दोश्रो स्थान हो । हेटौंडालाई देशभरका मानिसले चिन्ने भनेको पहिलो पिपलबोट थियो भने त्यो पिपलको बोट ढलेपछि त्यो स्थान प्रायःले बिर्सेको पनि हुन सक्छ । त्यसपछि हेटौंडाको ब्यवस्थित सहरको एक उत्कृष्ठ नमुना स्थानको पहिचान बनाएको छ हुप्रचौरले । वि.सं. २०४२ सालमा हुप्रचौरलाई तत्कालिन सरकारी निकाय नगर बिकास समिति नामक संस्थाले किस्ताबन्दीमा उक्त क्षेत्रका जग्गाहरू प्लटिङ गरेको थियो । सो समयमा लक्ष्यबहादुर गुरूङ, निरशंकर श्रेष्ठ र केदारप्रसाद न्यौपानेलगायतका ब्यक्तिहरूले निकै दुरगामी सोच राखेर हुप्रचौरको जग्गालाई प्लटिङ गरिएको थियो ।*

*सो क्षेत्रमा रहेका ८ धुर र ११ धुरका घडेरीहरूलाई चौडा बाटोसहितको परिकल्पना गरेर काम गरेका थिए । निरशंकर श्रेष्ठ हाल अमेरिकामा बसोबास गरेता पनि उनको चिन्ता अहिले हुप्रचौरको खाली क्षेत्र बिभिन्न बहानामा सानो पारिदै लगिएको प्रति चिन्तित देखिन्छन् । उनका अनुसार त्यसबेलाको हाम्रो सोचलाई कतिले यत्रो ठूलो बाटो र यत्रो जमिन खाली किन राखेको, त्यसलाई पनि टुक्रा किन नबनाएको भनेर टिकाटिप्पणी पनि गरेका थिए । तर, हाम्रो टिमले हाम्रा छोरानातीहरूको पालामा यो अति आवश्यक हुन्छ, भबितब्य पर्दा पुरै हुप्रचौरबासीको सुरक्षित स्थल हुन सक्छ भन्ने दुरगामी सोच राखेर हामीले काम गरेका थियौ ।*

*यही सोचलाई पछिल्ला पुस्ताहरूले पच्छ्याउनु पर्नेमा बर्तमान जनप्रतिनिधिहरूले झनझन् खुल्ला क्षेत्रलाई साधुरो बनाउदै बिभिन्न बहाना झिकेर भवनै भवन बनाउने काममा तल्लिन भएको देख्दा ति पुवर्जहरूको मन दुःखेको छ । अहिलेका युवापुस्ता पुराना पुस्ताभन्दा अघि र दुरगामी सोचको हुनुपर्नेमा झनझन तल्लो स्तरमा गिर्दै कहिले सटर बनाएर भाडामा लगाउने, कहिले बृद्धबृद्धा आश्रय स्थल बनाउने भनेर आआफ्नै लहड र लिडेढिपीमा लागेको देख्दा र यस्तो गर्ने नहुने कार्यलाई पनि दलिय आंखाले हेरेर दलका झोलेहरूले हो मा हो मिलाएर बर्तमान जनप्रतिनिधिलाई हौसाउने कार्य कदापी सह्य हुदैन । त्यसैले हुप्रचौरलाई कुनै पनि बहानामा साघुरो बननाऔं ।*

**मकवानपुरमा आज**

१: जानकारीमा नआएको

## तपाईंको आज


| | | | |
|---|---|---|---|
| **मेष** | काममा केही चुनौतीहरू देखिनेछन् र सोचेको फाइदा उठाउन मुस्किल पर्नेछ । वैधानिक प्रावधानले पनि लक्ष्यमा पुग्न अप्ठ्यारो पर्नेछ । | **बृष** | नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन् । श्रमको उचित मूल्यांकन हुनेछ । पढाइमा ध्यान केन्द्रित हुनेछ, प्रगति हुनेछ । |
| **मिथुन** | प्रतिस्पर्धी बढ्नाले अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ । काम अड्किनाले उद्देश्यमा पुग्न समय लाग्नेछ । योग भएकाले होशियार रहनुहोला । | **कर्कट** | प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। व्यापारमा थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ। प्रयत्न गर्दा छोटो समयमै काम बनाउन सकिनेछ । |
| **सिंह** | अध्ययनको लगावले बौद्धिक क्षेत्र सहुलियत वा विशेष अवसर प्राप्त हुनेछ । सहपाठीहरूलाई उछिन्दै पुरस्कार, प्रशंसा प्राप्त गर्न सकिनेछ। | **कन्या** | अरूका लागि समय, धन र बुद्धि खर्चनुपर्ला । तापनि, लगनशीलताले उपलब्धिको स्रोत प्राप्त हुनेछ। काम पूरा नभए पनि लाभ उठाउन सकिनेछ। |
| **तुला** | व्यापारमा फाइदा हुनेछ। पशुपालन र कृषिमा लाभ मिल्नेछ । सन्तान र साथले जगाउनेछ । मिहिनेत गर्दा विशेष अवसर प्राप्त हुनेछ । | **बृश्चिक** | सामान्य समस्या देखिए पनि कामलाई निरन्तरता दिनुहोला । विभिन्न अवसर प्राप्त हुनेछन् । परोपकारी तथा सेवामूलक काम गर्ने समय छ । |
| **धनु** | अवसरलाई पछ्याउन नसक्दा व्यवहा–रमा पछि परिनेछ । बेसुरमा बोल्ने बानीले गोपनीयता भंग हुन सक्छ। विशेष योजना सार्वजनिक नगर्नुहोला । | **मकर** | खर्च र चुनौतीको समय रहेको हुँदा अलि सजग रहनुपर्ला । सामान्य कामका लागि दौडधुप गर्नुपर्नेछ । तत्काल फाइदा नहुने काममा जुट्नुपर्ला। |
| **कुम्भ** | रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्नेछ । मिहिनेतको परि–णामले आत्मविश्वास बढाउनेछ । विशेष अवसरले प्रसन्नता दिलाउनेछ। | **मिन** | स्वास्थ्यमा कमजोरी अनुभूति हुन सक्छ, खानपान र आहारविहारमा ध्यान पुऱ्याउनु होला । उपलब्धिका नया स्रोत पहिल्याउन सकिनेछ । |

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
विज्ञापन शाखा : ९८६७४२१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# समाजमा स्त्री जातिको महत्व



✍**केशव प्रसाद खरेल**
(अधिबक्ता) उपप्राध्यापक



हाम्रो समाजमा २ प्रकारका मानिसहरू बस्दछन्। एउटा हो आर्य अर्को हो अनार्य । आर्य वर्गमा ४ वर्णहरु पर्दछन् । आर्यहरू अलि सभ्य हुन्छन् भने अनार्यहरू आर्यको तुलनमा कम सभ्य हुन्छन् । विविध कारणले गर्दा ब्राम्हणको स्तर उच्च थियो। नियमभित्र रहेर ब्राम्हण कर्म गर्दथे ।

मनुले ७ प्रकारका दाशी तथा नारदले १५ प्रकारका दाशीहरूको वर्णन गरेका छन्। दाशीप्रति मालिकहरू उत्तरदायी हुन्थे । विष्णु स्मृतिमा शुद्र भिक्षुकको बारेमा उल्लेख गरिएको छ । शुद्रको दर्शन गर्नु हानीकारक हुन जान्छ। गृहस्थाश्रमलाई आदर्श आश्रमको रूपमा लिन सकिन्छ । मनुको अनुसार जहाँ बुहारीसंग सासु सन्तुष्ट हुन्छिन्, त्यहाँ बुहारी पनि सासुसंग सन्तुष्ट हुन्छिन् ।

त्यस्तो परिवारमा सदा इश्वरले वास गरेको हुन्छ । स्त्रीको मुल दायित्व घरको प्रबन्ध मिलाउनु हो भने घरायसी आम्दानी खर्च मिलाउनु पनि हो। स्त्रीलाई वेद पढ्नका लागि निषेध गरि एको छ। हाम्रो समाजले स्त्री पुरूषको अधिनमा हुनु पर्दछ भन्दै आएको छ। तर, हाल यो परम्परा अविवाहित अवस्थामा पिताको अधिन, विवाहपछि पतिको अधिनमा, वृद्वावस्थामा छोराको संरक्षणमा बस्नु पर्ने हुन्छ। मनुष्मृतिमा ८ प्रकारका विवाहको वर्णन गरिएको पाईन्छ । सबै विवाह धर्मअन्तर्गत नै पर्दछन्। मनुकाअनुसार ब्राम्हणले शुद्रसंग विवाह गर्ने कुरामा जोड दिएका छन् ।

याज्ञबल्क्यले भने यस्तो कार्यलाई नराम्रो ठानेका छन्। मनुले नियोग प्रथाको निन्दा गरेका छन् भने याज्ञ बल्क्यले नियोग प्रथालाई राम्रो ठानेका छन् । नारदले स्त्रीलाई पुनरविवाह गर्ने सल्लाह दिएका छन् ।

**स्त्रीको सम्पतिसम्बन्धि अधिकार के कस्तो ?**

मनुस्मृतिअनुसार स्त्रीको सम्पति अधिकार :

अध्यग्न्यध्यावाहनिकं दत्तं च प्रीतितः स्त्रियै ।
भ्रातृमातृपितृ प्राप्तं षड्विघं स्त्रीधनं स्मृतम् ॥

अग्निको छेऊमा बिदाईको समयमा प्रेमसहित जुन सम्पति दिइन्छ। दाजुभाइबाट जुन प्राप्त हुन्छ, माता पिताबाट जुन प्राप्त हुन्छ, यि सबै स्त्री धन हुन्। यि धनहरूमा स्त्रीको पूर्ण अधिकार रहन्छ। अग्निको सम्मुख जुन सम्पति दिइन्छ, जसलाई स्त्री धनको संज्ञा दिइन्छ ।

विवाहपछि पिताको घरबाट जुन सम्पति प्राप्त हुन्छ, त्यसलाई अध्यावाहनिक स्त्री धन भनिन्छ। सासु ससुराद्वारा आर्शीवाद, प्रेमपूर्वक जुन सम्पति प्राप्त हुन्छ, जसलाई आधिवेदनिकं स्त्रीधन भनिन्छ। दाजुभाइबाट प्राप्त हुने सम्पत्तीलाई सौदायिकं स्त्रीधन भनिन्छ । कात्यायनले स्त्रीधनको बारेमा भनेका छन् ..

सौदायिकं धन प्राप्य स्त्रीणां स्वातन्त्रयमिष्यते ।
यस्माद्यत्तानुशंस्यार्थ तैर्दत्तं तत्प्रजीवनम् ।

यसको अर्थ यो हुन्छ कि यस धनको उपयोग स्त्री स्वतन्त्रतापूर्वक उपयोग गर्न सक्दछिन् । याज्ञबल्क्य स्मृतिकाअनुसार पिता, माता, दाजु, भाइ, पतिले यज्ञ कुण्डको सामुन्नेमा जुन धन दिएको हुन्छ, ती सबै स्त्रीको धन सम्झनु पर्दछ। त्यो धन माथि स्त्रीको पूर्ण अधिकार रहन्छ। पत्नी हुँदा हुँदै दोश्रो पत्नी ल्याएकोमा दुवैथरीको धन सम्पतिलाई मिलाएर आधा आधा भागवण्डा गरीदिनु पर्दछ।

"अधिविन्तस्त्रियै दद्यादाधिवेदनिकं समम् ।
न दत्तं स्त्रीधनं यस्यै दत्ते त्वर्धे प्रकल्पेयेत"

स्त्रीधनमा स्त्रीको पूर्ण अधिकार रहन्छ । आपतकालीन समयमा पतिले उनको धन लिएमा व्याजसहित फिर्ता गर्नु पर्दछ । मनुस्मृतिमा वर्णन गरिए अनुसार

"स्वेभ्योअशेभ्यस्तु क नाभ्यः प्रदद्यु भ्रतिरः पृथक ।
स्वात् स्वार्दशाच्चतुर्भागं पतिताः स्युरदित्सवः॥

प्रत्येक दाजुभाइहरूले आफ्नो जति सम्पति छ त्यसमा एक चौथाई दिदीवहिनीहरूलाई दिनु पर्दछ। जस्ले दिदैन उसले हिनताको बोध गर्दछ। त्यसकारण भन्न सकिन्छ कि दाजुभाईको सम्पतिमा दिदीबहिनीको पनि ४ भागमा १ भाग अधिकार रहन्छ ।

"भ्रातृभ्योअशचतुर्भागं तत्र कन्या हरेद् धनम्"

–याज्ञ बल्क्य स्मृतिअनुसार

"पितुरूर्ध्वं विभजतां माताअप्यंशं समं हरेत्"

पिताको निधनपश्चात सम्पतिको विभाजन दाजुभाईमा हुन्छ । विभाजन हुँदा मातालाई पनि समानरूपले धन विभाजन गर्नु पर्दछ। स्त्रीधनको अलावा उनमा पतिको धनबाट पनि छोरा समान अंश मिल्दछ। पहिलो पत्नि हुँदा हुँदै दोश्रो पत्नी विवाह गरी ल्याएमा जेठी पत्नीलाई क्षतिपूर्ति सहित उपलब्ध गराउनु पर्दछ ।

स्मृतिकारको विचारअनुसार पतिको निधनपश्चात छोरा नभएमा सम्पूर्ण अचल सम्पति माथि पत्नीको अधिकार रहन जान्छ । स्त्रीलाई कुलको पालन पोषण गर्ने रूपमा लिइएको थियो। स्त्रीले परिवारमा शुद्वता कायम राखेको हुन्छ। पतिको सम्पतिमाथि अधिकार रहन जान्छ। तर, उनी त्यस्तो सम्पति न त बेच्न सक्दछिन, न त कसैलाई दिन नै सक्दछिन् ।

तत्कालीन समयमा स्त्रीको अचल सम्पतिमाथि अति अधिकार रहेको थियो। स्त्रीहरूलाई सम्पति माथि पूर्ण अधिकार रहेको हुनाले नै सामाजिक, आर्थिक, धार्मिक क्षेत्रमा उनीहरूको सक्रिय भूमिका रहेको देखिन्छ । शिक्षाको उदेश्य बौद्विक तथा आध्यात्मिक ज्ञान प्राप्त गर्नु हो ।

मेरो विचारमा मनुको समयमा स्त्री जातिहरूलाई सम्पतिमाथि अधिकार रहेको देखाइएको छ। माता पिताको जति सम्पति छ। सम्पति मध्ये ४ भागको १ भाग छोरीको पनि हक लाग्दथ्यो । बिचको समयमा आएर स्त्रीको सम्पतिमाथि अंकुश लगाइएको देखिन्छ। अंकुशको कारणले गर्दा नै उनीहरू सामाजिक, धार्मिक, आर्थिक राजनैतिक सबै अधिकारवाट विमुख हुन गएका हुन् ।

याज्ञवल्क्य, मनु जस्ता विभिन्न विद्वानहरूको विचार स्ही लागेको देखिन्छ । शाहवंशको उत्तरार्धको समय देखि स्त्रीको अवस्थादयनीय बन्न गएको हो। जबसम्म नारी जातिलाई आर्थिकरूपले सम्पन्न तुल्याईदैन। तबसम्म घर परिवार तथा राष्ट्रको उन्नति हुन सक्दैन । त्यही सोचका साथ नेपाल सरकारले पनि जग्गा पास गर्दा नारी जातिलाई सहुलियत गरि दिने कानूनको व्यवस्था मिलाएको हो भन्न सकिन्छ ।

: समाप्त :

---

# सहकारी समस्या र समाधानसम्बन्धि फैसला




✍**केदार अधिकारी**

यहाँ चर्चा गर्न खोजिएको विषयवस्तु सहकारी क्षेत्रमा भएका विकराल र मूलभूत समस्या समाधानका लागि उपाय र पहिचान नै हो । सहकारी क्षेत्रमा देखिएका समस्या र समाधानको कौतूहलताको परिणाम सम्मानित सर्वोच्च अदालतमा अधिवक्ता रवीन्द्र शर्मासहित तीन रिट निवेदक भई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौसमेत उपर परमादेशसमेत (मुद्दा नं.०८०-डब्लुओ-०५४१) दायर भएकोमा सम्मानित सर्वोच्च अदालत बाट मिति २०८२/१०/११ गतेका दिन मा.न्या. कुमार रेग्मीज्यू र मा.न्या.मेघ–राज पोखरेल रहनुभएको संयुक्त इजलासबाट अन्तिम आदेश भएकोमा सो फैसलाको पूर्ण पाठ भर्खरै तयार भई प्रकाशमा आएको छ ।

जुन फैसला नेपालको सम्मानित सर्वोच अदालतबाट समय-समयमा हुँदै आएको ऐतिहासिक र ल्यान्डमार्क फैसला अर्थात् नजिर सिद्धान्तको रूपमा भएको एक महत्वपूर्ण फैसला हो ।

किनकि, फैसलाको अन्तरङ्ग अध्ययन गर्दा सो फैसलामा विवेचित तथ्य र निर्देशित बुँदाहरूलाई हेर्ने हो भने हालसम्म सहकारी क्षेत्रमा व्याप्त बेथिति, विकृति, देखा परेका मूलभूत समस्याहरूको पहिचान, ती समस्या समाधानका लागि प्रणालीगत रूपमा गर्नुपर्ने सुधार र समाधानका उपायहरू पहिचान स-विस्तार गरिएको छ। सो फैसलामा जारी भएका निर्देशनहरूको सम्बन्धमा उल्लिखित निर्देशनहरू कति महत्वपूर्ण छन् भने सहकारी समस्या समाधान र पहिचान गरी जारी गरिएका निर्देशनहरू 'न भूतो न भविष्य' सहकारी समस्या र समाधानका लागि यस्ता फैसलाहरू प्राप्त हुन्छ भनेर अनुमान गर्न कठिन नै पर्छ ।

सो माध्यमबाट न्यायालयले गरेको अपेक्षा र सोको महत्वका बारेमा सो फैसलाको अन्तिम परिच्छेदमा निर्देशनात्मक आदेश जारी गर्ने क्रममा व्यक्त गरिएको वाक्य 'पसिनाको कमाइ गुमाएर न्यायको आशामा बसेका हजारौँ सहकारी पीडितहरूको पीडा यो इजलासले महसुस गरेका छ। उनीहरूको संवैधानिक अधिकारको सुनिश्चितता र भविष्यमा यस्तो दुर्दशाको पुनरावृत्ति नहोस् भन्ने उद्देश्यले यो निर्देशनात्मक आदेश जारी गरिएको हो। तसर्थ राज्यका सम्बन्धित निकाय-हरूले यो आदेशलाई केवल कानुनी दायित्वको प्रत्याभूति दिने एक अवसरका रूपमा लिने विश्वास यो इजलासले लिएको छ।' भन्ने उक्त वाक्यले थप प्रमाणित र पुष्टि गर्दै वास्तवमा यो फैसला साँच्चिकै इजलासबाट व्यक्त गरिएजस्तै समग्र सामाजिक न्यायको प्रत्याभूति गर्ने समग्र नागरिक र राज्यका लागि प्राप्त ऐतिहासिक अवसर नै हो भन्नेमा दुविधा रहँदैन ।

अध्ययन सहजताका लागि सो रिट निवेदनमा मूलभूतरूपमा लिइएको निवेदकतर्फको दाबी जिकिर र प्रत्यर्थीमध्येको मूल प्रत्यर्थीको रूपमा रहेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारको लिखित जवाफको सार संक्षेप प्रस्तुत गर्छु। जुन रिट निवेदकको मूल निवेदन जिकिर 'नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७६ र दफा ७८ मा नेपाल राष्ट्र बैंकको स्वीकृति /इजाजत प्राप्त नगरी कसैले कुनै पनि प्रकारको निक्षेप लिन वा कर्जा दिन नपाउनेमा उल्लिखित कानुनी व्यवस्थाको ठाडै उल्लघंन गरी नेपाल राष्ट्र बैंकबाट स्वीकृति/इजाजत नलिई अनियमित रूपमा सर्वसाधारणबाट खर्बौं निक्षेप संकलन तथा कर्जा प्रवाह गरी नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९५ बमोजिम कसुर गरिरहेका छन् ।

तर पनि हालसम्म उक्त कसुरमा अनुसन्धान /अभियोजन गर्ने निकायहरू प्रवेश नै नगरी गम्भीर प्रकृतिको अपराध गर्न छुट दिइरहेका छन्। सहकारी संस्थाहरूले उल्लिखित कानुनी व्यवस्थाविपरीत निर्वाधरूपमा अवैध निक्षेप संकलन र कर्जा प्रवाह गर्दै निक्षेप रकम फिर्ता नदिएबाट सर्वसाधारण जनताको खर्बौं रुपैयांको निक्षेप जोखिममा परेको छ । राज्यका जिम्मेवार निकायहरूले कानुन बमोजिमको दायित्व वहन नगरेको हुँदा देशमा कानुनको उपहास महसुस भएकाले सो निराक-रणका लागि सार्वजनिक हित र सरोकारको सो विषय निराकरण हुनुपर्ने भनी मूल निवेदन जिकिर रहेको देखिन्छ ।

माथि उल्लिखित निवेदन जिकिरका सम्बन्धमा प्रत्यर्थीहरूका नाममा सम्मानित सर्वोच्च अदालत बाट निवेदन जिकिरअनुरूप आदेश किन जारी हुन नपर्ने हो ? कारण देखाउ आदेश जारी हुँदा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहद-रबारको तर्फबाट लिखित जवाफ पेस गर्ने क्रममा 'सार्थक सम्बन्ध र तात्विक सरोकार रहेको भन्ने पुष्टि हुने आधार नदेखिएको तथा रिट निवेदकले सम्मानित अदालतको महत्वपूर्ण समय बर्बाद हुने गरी आधारहीन लहडी, बौद्धिक सन्तुष्टि वा सस्तो लोकप्रियताका लागि सार्वजनिक सरोकारसंग जोडी दाबी लिएको देखिँदा प्रथम दृष्टिमा नै खारेज भागी छ । सहकारी ऐन, २०७४ बमोजिम सहकारी संस्थाहरू दर्ता सञ्चालन, निरिक्षण, अनुगमन तथा नियमनसम्बन्धि कार्य हुँदै आएको देखिन्छ। नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०/०१/२६ को निर्णयअनुसार 'सहकारी क्षेत्र सुधार कार्यदल' गठन भई कार्य प्रारम्भ भइसकेको र कार्यदलबाट प्राप्त हुने सुझाव कार्यान्वयनपश्चात् सहकारी क्षेत्रमा हाल देखिएका समस्या क्रमशः समाधान हुँदै जाने हुँदा रिट निवेदन खारेज गरी पाऊँ भन्ने थियो ।

माथि विवेचना गरिएअनुरूप तथ्य समाविष्ट रहेकोमा सम्मानित सर्वोच्च अदालतबाट उक्त रिट निवेदन मागबमोजिम आदेश जारी गर्न सहकारी संस्थाहरूले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७६ र ७८ बमोजिम प्रक्रिया पूरा गरी स्वीकृति र इजाजत लिनुपर्ने बाध्यात्मक कानुनी व्यवस्था नदेखिएको तथा सहकारी संस्थाका सर्वसाधारण बचतकर्ताहरूको बचतको सुरक्षा हुनुपर्ने सवाल उठाइएकोमा सहकारी ऐन, २०७४ मा पछिल्लो पटक मिति २०८१/१२/१८ मा संशोधन भई ऐनको दफा १०३ (क) बमोजिमको राष्ट्रिय सहकारी नियमन प्राधिकरणको स्थापना भई प्राधिकरण ऐनले तोकेको कार्य जिम्मेवारीबमोजिमको कार्य सम्पन्न गर्दै आइरहेको समेत भन्ने ब्यहोराको राष्ट्रिय सहकारी नियमन प्राधिकरणको लिखित जवाफबाट खुलिरहेको अवस्था देखिँदा सहकारी ऐन, २०७४ को उद्देश्य मर्म र भावनाबमोजिम स्थापित हजारौँ संख्यामा रहेका सम्पूर्ण सहकारी संस्थाको दर्ता खारेज गरी कारबाही गरी कारबाही गर्नुपर्ने अवस्थाको विद्यमानता नहुँदा रिट निवेदन माग बमोजिमको आदेश जारी हुन सक्ने देखिएन भनी रिट निवेदन खारेज हुने ठहर्छ भनी खारेज भएको छ ।

माथि उल्लिखित तथ्य र आधारमा आधारित भएर रिट निवेदन खारेज भए पनि सम्मानित सर्वोच्च अदालतबाट सोही मुद्दा अर्थात् रिट निवेदनको रोहबाट थप नेपालको सहकारी क्षेत्रको संकट व्यक्तिगत कसुरमा मात्रै सीमित छैन भन्दै यो जटिल प्रणालीगत विफलताको संकेत समेत भएको देखिएको छ, ।

जसका कडीहरू कानुनको अपर्याप्तता नियामकीय संरचनाको कमजोरी संस्था सञ्चालन र नियन्त्रणको समन्वयको दुरुप्रयोग र अनुगमन एवम् कारबाहीको निष्प्रभाव कारितामा जोडिएको हुँदा निष्कर्षमा पुग्नुपर्ने हुन्छ कि संविधानको धारा १८ द्वारा प्रदत्त समानताको हक, धारा ४४ प्रदत उपभोक्ताको हक तथा धारा ५१ (घ) १ द्वारा प्रदत्त सहकारी क्षेत्रको विकासको राज्यनीतिको मर्म ठहर गरी सर्वसाधारण नागरिकको संवैधानिक अधिकार संरक्षण गर्नु सर्वोच्च अदालतको संवैधानिक जिम्मेवारीसमेत भएको हुनाले नेपालको संविधानको धारा १३३ (३) बमोजिम देहाय-बमोजिमका निकायहरूका नाममा देहायबमोजिम निर्देशात्मक आदेश जारी गरिदिएको छ भनी निर्देशात्मक आदेश जारी भएको छ। उल्लिखित निर्देशात्मक आदेशहरू नेपाल सरकार तथा सर्वसाधा-रण एवम् नागरिक हक एवम् सहकारीका नियमनका-री निकाय तथा सहकारी पीडित सबैको लागि अति नै उपयोगी र मार्गदर्शक रहेकाले देहाय बमोजिम समूल पक्षका जानकारी र अध्ययन प्रयोजनार्थ प्रकाशनमा ल्याउनु जरुरी भएकाले प्रस्तुत गरिएको छ।

*निर्देशन*

*१: तत्काल सुरक्षात्मक उपायहरू*

नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, राष्ट्रिय सहकारी नियमन प्राधिकरण एवम् सहकारी विभागका नाममा:

यो आदेश प्राप्त भएको मितिले यथाशीघ्र देशभरका समस्याग्रस्त सहकारी संस्थाहरूको एक राष्ट्रिय डिजिटल सूची तयार गरी सार्वजनिक गर्नू। सो सूचीमा प्रत्येक सहकारी संस्थाको पूरा नाम ठेगाना, कुल बचत दायित्व, सदस्य संख्या, अनुमानित पीडित रकम, वर्तमान कानुनी स्थिति र जिम्मेवार पदाधिकारीहरूको विवरण समावेश गर्नु ।

*साभार : कारोबार दैनिक*

# संविधान संशोधन गाउँसभादेखि कार्यकारी राष्ट्रपतिसम्मका विषय बहसमा

काठमाडौं/संविधान संशोधनको बहस प्रखररुपमा उठे पनि कुन-कुन विषयवस्तुमा के-कसरी अघि बढ्ने भन्ने विषयमा प्रमुख शक्तिबीच न्यूनतम साझा समझदारीको आवश्यकता औँल्याइएको छ । संविधान निर्माणमा प्रत्यक्ष संलग्न संविधानसभा सदस्य तथा संविधानका जानकारहरुले संविधान गतिशील दस्तावेज भएकाले समयसापेक्ष तुल्याउन संशोधनको आवश्यकतालाई सुविचारित ढंगबाट समझदारीमा पुग्नुपर्नेमा जोड दिए ।



संविधान संशोधनबाट फेरि नयाँ विवाद उत्पन्न हुने वा समाधान भएका विवाद बल्झिन नहुने तर्क गर्दै उनीहरुले संविधान संशोधनलाई संसद्को अधिकारको गहकिलो विषय बनाएर निष्कर्षमा पुग्न सुझाव दिए । नेपाल बार एसोसिएसनका पूर्व अध्यक्ष गोपालकृष्ण घिमिरेले न्यायपालिका सम्बन्धित विषयमा समेत एक दर्जनभन्दा बढी संशोधनको आवश्यकता देखिएको बताए । उनी भन्छन्, 'संविधान संशोधनलाई संसद्को गहकिलो विषय बनाइनुपर्छ, सर्वोच्च अदालतका न्यायाधीश नियुक्ति प्रक्रिया र कार्यकालसम्बन्धि विषयमा सुधारको खाँचो छ ।'

राजनीतिक स्थायित्व र दिगो आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास, संघीय संरचनाको सुदृढीकरण, समावेशी लोकतन्त्रको प्रभावकारिता, मिश्रित निर्वाचन प्रणालीको स्थायित्व र सुदृढीकरण, सामाजिक न्यायको प्रत्याभूति, संसदीय शासन प्रणालीको सुदृढीकरण, स्वतन्त्र न्यायपालिका तथा सुशासन र नागरिकको सशक्तिकरणका लागि संविधान संशोधन हुनुपर्ने विज्ञहरुको एकमत छ ।

वर्तमान सरकारले संविधान संशोधनको विषयलाई उच्च प्राथमिकताका साथअघि बढाईरहेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले चुनावी वाचापत्रमा उल्लेख गरेको संविधान संशोधन सम्बन्धि विषय सरकार गठन भएसँगै शासकीय सुधारसम्बन्धि १०० बुँदे कार्यसूचीमै समावेश गरेको थियो । सोही मर्म र भावनाअनुसार संविधान संशोधनका लागि बहसपत्र तयार गर्न सरकारले चैत १६ गते प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा कार्यदल गठन गरेको छ। १३ सदस्यीय कार्यदलमा प्रतिनिधिसभाका ६ तथा राष्ट्रियसभाका तीन दलका प्रतिनिधि समेत सहभागि छन् ।

सो कार्यदलमा राष्ट्रिय स्वतन्त्र पार्टीका मोहनलाल आचार्य, नेपाली कांग्रेसका राजु कटुवाल, नेपाल कम्युनिष्ट पार्टी (एमाले) का डा. भीष्म अधिकारी, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का देवप्रसाद गुरुङ, राष्ट्रिय प्रजातन्त्र पार्टीका ज्ञानबहादुर शाही, जनता समाजवादी पार्टी नेपाल (जसपा) का मनोज भट्ट, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का आभास लाभ, श्रम संस्कृति पार्टीका ध्रुव राई रहेका छन् ।

प्रधानमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय र नेपाल कानुन आयोगका सचिव सदस्य रहेको कार्यदलको सदस्यसचिवमा प्रधानमन्त्री कार्यालयका सहसचिव छन् । ६० दिनको कार्यादेश प्राप्त गरेको कार्यदलले यसबीचमा कानुनी पृष्ठभूमि भएका संविधानसभाका सदस्य, विषयविज्ञ, पूर्वप्रशासक र पूर्वकानुन सचिवसँग निरन्तर परामर्श गरिरहेको छ ।

उक्त कार्यदलले यही वैशाख ७ गते हालसम्म पाँचवटा औपचारिक बैठकमार्फत् घनिभूत छलफल चलाइरहेको छ। रास्वपाबाट प्रतिनिधि सभा सांसद एवं कार्यदलका सदस्य मोहनलाल आचार्यले संविधान संशोधनका विषयवस्तु र अवधारणा बारे विषयविज्ञ, कानुन व्यवसायी, वरिष्ठ अधिवक्ता, पूर्वप्रशासकसँग निरन्तर छलफल भइरहेको जानकारी दिएका छन् । कार्यदलसँगको छलफलमा संघीय संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलले संविधान संशोधनका विषयवस्तु र आवश्यकताबारे आ-आफ्ना दलगत धारणा प्रस्तुत गरेको उनले जानकारी दिए ।

आगामी बहसमा तीन तहको शासकीय संरचनाको अधिकार र कार्यक्षेत्रका बारेमा गहन छलफलको आवश्यकतामा जोड दिँदै उनले राज्यको प्राथमिकतामा रहेको संविधान संशोधनको विषयलाई लामो समयसम्म अल्झनमा राख्न नहुने धारणा व्यक्त गरे । प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र पूर्ण समानुपातिक संसद्, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री तथा निर्वाचन प्रणालीमा सुधार, प्रदेश र प्रदेश मन्त्रिमण्डलको संख्या र आकार, उपराष्ट्रपति पदको आवश्यकता र सान्दर्भिकता, प्रधानमन्त्री र मुख्यमन्त्रीको कार्यकाल जस्ता विषयवस्तुले संविधान संशोधन बहसलाई उचाइमा पुऱ्याएको छ ।

प्रतिनिधिसभा र राष्ट्रियसभा सदस्य संख्या घटाउने तथा संसद् अधिवेशन सञ्चालन हुने निश्चित दिन संविधानमै निर्धारण गर्ने विषय पनि संशोधन बहसको एजेण्डा बनेको छ । संविधानमै आवधिक निर्वाचनको मिति किटान गर्ने विषय पनि यसअघिदेखि नै उठ्दै आएको छ ।

कांग्रेस उपसभापति एवम् संविधानसभा सदस्य पुष्पा भुसालले संघीयता र लोकतन्त्रको मूल्य मान्यताको कसीमा रहेर संविधान संशोधन आवश्यकतालाई सम्बोधन गरिनुपर्नेमा जोड दिइन् । उनले भनिन्, 'लोकतन्त्रको उच्चतम् अभ्यास गरिरहेको नेपालले संविधान संशोधनका नाममा दलविहीन स्थानीय तहको कल्पना गर्न सक्दैन ।'

पूर्वमन्त्री एवम् नेपाल कानुन आयोगका अध्यक्ष माधव पौडेलले हालै 'नेपालको संविधान सशोधन: कारण, आधार तथा संशोधन प्रस्ताव विवरण' विषयक कार्यपत्र प्रस्तुत गर्दै राजनीतिक स्थायित्वका लागि कार्यकारी राष्ट्रपति, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र निर्वाचन प्रणालीमा सुधारजस्ता विषय प्रखररुपमा आएको बताए ।

मौजुदा संविधानका अन्तर निहीत विशेषताकारुपमा लोकतान्त्रिक गणतन्त्र, तीन तहको संघीय संरचनामा आधारित शासन प्रणाली, समावेशी लोकतन्त्र, आवधिक निर्वाचन र मिश्रित निर्वाचन प्रणाली रहेको छ ।

संविधान संशोधन कसैको चाहना कि आवश्यकता भन्ने पाटोमा बहस जरुरी रहेको बताउँदै प्रतिनिधिसभा, कानुन, न्याय तथा मानवअधिकार समितिका सभापति समीक्षा बास्कोटाले भनिन्, 'संविधान संशोधन प्राविधिक मात्र नभई संसद्कै विषय र राजनीतिक एजेण्डा भएकाले त्यसै आधारमा यो अघि बढ्छ ।' न्यायलयतर्फ पूर्वप्रधानन्यायाधीश वा सर्वोच्च अदालतका पूर्वन्यायाधीशको अध्यक्षतामा एक न्यायिक आचारण अनुगमन आयोग गठन, संवैधानिक परिषद्को सिफारिसमा महान्यायाधिवक्ताको नियुक्ति र सेवाको शर्त निर्धारण तथा प्रधानमन्त्री तथा मुख्यमन्त्रीलाई कानुनी राय-सल्लाह प्रदान गर्न बेग्लै कानुन सल्लाहकारको व्यवस्था गर्न पनि विज्ञहरुको सुझाव छ ।

पूर्वमन्त्री एवम् वरिष्ठ अधिवक्ता अग्निप्रसाद खरेलले संविधान संशोधनको विषय निकै जटिल रहेकाले सुविचारित ढंगबाट यस विषयमा विचार र कलम चलाउनुपर्ने सुझाव दिए ।

वरिष्ठ अधिवक्ता एकराज भण्डारीले संवैधानिक निकाय राजनीतिक कार्यकताको भर्तीले बदनाम भएकाले राजनीतिक दल र सिद्धान्त होइन, त्यसलाई हाँक्ने नेतृत्व असफल भएको पक्षलाई पनि संविधान संशोधनका समयमा हेक्का ध्यानाकर्षण गराए ।

सर्वोच्च र उच्च अदालतको न्यायाधीश नियुक्तिमा पारदर्शीता कायम गर्ने, न्याय परिषद्को संरचना सुधार गर्ने, संवैधानिक इजलास गठन गर्ने, सर्वोच्च अदालतको क्षेत्राधिकार विस्तार गर्ने, निर्वाचन विवाद सुनुवाइ सम्बन्धमा उच्च अदालतलाई जिम्मेवारी थप गर्ने, महान्यायाधिवक्ताको संवैधानिक हैसियतमा सुधारलगायत विषय पनि संविधान सशोधन बहसको सूचीमा परेको छ ।

संविधानसभा सदस्य जीतेन्द्र नारायण देवले संसदमा बहुमत प्राप्त वा ठूलो दलले मात्र सरकार बनाउने संवैधानिक प्रावधानले पनि राजनीतिक स्थायित्वलाई सघाउने पक्षलाई बेवास्ता गर्न नमिल्ने धारणा राखे । जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था खारेज गर्ने विषय पनि संविधान संशोधनको बहसका रुपमा अघि बढाइनुपर्ने सुझाव छ ।

संविधानसभा सदस्य राम नारायण बिडारीले लोकतन्त्रको दृष्टिकोणबाट हेर्दा वर्तमान संविधान संसारका २० उच्च कोटीको सूचीमा रहेता पनि अभ्यासकर्ताले दुरुपयोग गरेका कारणले संशोधनको आवश्यकता देखिएको प्रतिक्रिया दिए । उनले संविधान कार्यान्वयन गर्ने सिलसिलामा यस अवधिमा कहाँ के-कस्तो अप्ठ्यारो परेको छ, त्यो ठाउँमा मात्र संशोधन गर्न उपयुक्त हुने धारणा राखेका थिए ।

वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीले संविधान संशोधनजस्तो महत्वपूर्ण कार्य अघि बढाउँदा दलीय शक्ति सन्तुलन र भूराजनीतिक संवेदनशीलताको पाटोमा पनि हेक्का गर्न आवश्यक रहेको औल्याएका थिए । संविधानसभा सदस्य लक्ष्मण लाल कर्णले संविधान संशोधन जायज भएता पनि बिगतका आन्दोलन र संघर्षबाट प्राप्त उपलब्धिको संरक्षण गर्दै देश र जनताको हितमा अघि बढाउन संशोधन आवश्यकता रहेको सुझाव दिए ।

संविधानसभा सदस्य कृष्ण भक्त पोखरेलले बिगतका गलत अभ्यासले न्यायमूर्तिका रुपमा रहने न्यायाधीश छनोट र नियुक्तिमा समेत सन्तुष्टि जनाउने र 'आहा' भन्ने अवस्था बन्न नसकेको प्रतिक्रिया दिए । तर अवका दिनमा पुन यो गल्ती नदोहोरिन अति आवश्यक भएको टिप्पणी दिए ।

अहिले संविधान संशोधनको बहसमा गाउँसभा र नगरसभादेखि सर्वोच्च अदालतको क्षेत्राधिकार र सुधार, न्यायाधीशको आचरण, अध्यादेश, संसद् अधिवेशन आरम्भ र अन्त्य, प्रधानमन्त्रीको पदावधि, उपराष्ट्रपति पदको सान्दर्भिकता र कार्यकारी राष्ट्रपति रहने व्यवस्थासम्मका विषयले चर्चा पाउदै आएको छ ।

# एयर प्युरिफायर किन्नुअघि अवश्य जान्नुहोस् यी ५ महत्वपूर्ण कुरा



बढ्दो शहरीकरण र प्रदूषणले घरभित्रको हावा पनि प्रदूषित भएको छ, जसले स्वास्थ्यमा नकारात्मक असर पारिरहेको छ । बढ्दो शहरीकरण, प्रदूषण, जनवायु परिवर्तन जस्ता समस्याले अहिले हाम्रो वरपरको वातावरण निकै अस्वस्थ हुन थालेको छ । विशेषगरी शहरी क्षेत्रमा अहिले स्वास फेर्ने हावा पनि खरा हुने गर्छ । हामीलाई लाग्छ घरको हावा त सफा हुन्छ तर साँच्चै यो सफा छ त ?

बढ्दो प्रदूषणका कारण घर भित्रको हावा पनि अब प्रदूषित भइसकेको छ । यस्तो अवस्थामा धेरै मानिसहरू आफू र आफ्नो परिवारको स्वास्थ्य जोगाउन एयर प्युरिफायर किन्न थालेका छन् । तर, एयर प्युरिफायर किन्नुअघि केही महत्वपूर्ण कुराहरू यस बारेमा जान्नु अत्यावश्यक छ ।

सही जानकारी बिना गलत वा महँगो उत्पादन किन्नमा हामी बाध्य भइरहेका हुन्छौ । एयर प्युरिफायर किन्दा केही कुरामा विशेष ध्यान दिनुपर्छ। जस्तै: फिल्टर कस्तो छ, कोठाको साइजअनुसार मेसिन कस्तो लिने, र कुन फिचर्सहरू साँच्चै आवश्यक छन् ।

सही उत्पादन छान्दा पैसा र स्वास्थ्य दुवै बचाउन मद्दत मिल्छ ।

**१. हाई एफिसेन्सी पार्टिक्युलेट एयर (एचईपीए) फिल्टर महत्वपूर्ण छ**

एचईपीए फिल्टर एउटा यस्तो प्रविधि हो, जसले हावामा रहेका ०.३ माइक्रोनसम्मका धूलो, परागकण, ब्याक्टेरिया र अन्य सूक्ष्म कणहरूलाई प्रभावकारीरूपमा सफा गर्छ । एयर प्युरिफायर किन्न जाँदा सबैभन्दा पहिले हेर्नुपर्छ त्यसमा असली एचइपिए फिल्टर छ कि छैन भनेर । बजारमा धेरै उत्पादनहरूले 'एचइपिए टाइप' मात्र लेखेर ग्राहकहरूलाई भ्रमित गर्छन्, जुन असली एचईपीए जत्तिको प्रभावकारी हुँदैन ।

यदि घरमा एलर्जीबाट पीडित कोही सदस्य छन् वा साना बच्चाहरू छन् भने एचईपीए फिल्टर भएको प्युरिफायर सबैभन्दा बढी फाइदाजनक हुन्छ । यसले स्वास्थ्य सुधार्नमा ठूलो भूमिका खेल्न सक्छ । त्यसैले एचईपीए फिल्टर भएको एयर प्युरिफायर नै किन्नु राम्रो हुन्छ ।

**२. कोठाको साइजअनुसार छान्ने**

हरेक एयर प्युरिफायरको आफ्नै क्षमता हुन्छ, जसलाई सीएडीआर (क्लिन एयर डेलिभरी रेट) भनिन्छ । यस मेसिनले कति छिटो हावा सफा गर्न सक्छ भन्ने देखाउँछ । यदि कोठा ठूलो छ र सानो प्युरिफायर किनियो भने त्यसले राम्रोसँग काम गर्दैन । त्यसैले सधैं आफ्नो कोठाको स्क्वायर फिटअनुसार मोडेल छान्नुपर्छ । कुन प्युरिफायर कति सम्मको कोठामा उपयुक्त हुन्छ भनेर उत्पादनमै उल्लेख गरिएको हुन्छ । यो कुरालाई बेवास्ता गरियो भने पैसा खर्च हुन्छ तर हावा सफा हुँदैन ।

**३. आवाज र बिजुली खपतमा पनि ध्यान दिनुपर्छ**

धेरै पटक हामी प्युरिफायर किन्न त किन्छौं, तर पछि यसको आवाज वा बिजुलीको बिलले सताउँछ । राति सुत्न नदिने आवाज भएको वा महँगो बिजुली खपत गर्ने सामान धेरै फाइदाजनक हुँदैन । किन्नुअघि मेसिनको डेसिबल लेभल (आवाजको मात्रा) कति छ हेर्नुपर्छ । साथै, यसमा एनर्जी सेभिङ फिचर्स छन् कि छैन पनि जाँच गर्नुपर्छ । अहिले बजारमा धेरै मोडेलहरू उपलब्ध छन् जुन कम बिजुलीमा चल्छन् र एकदम शान्त हुन्छन् । यसले निद्रामा बाधा नपुऱ्याउने र बिजुलीको पैसा बचत हुने जस्ता फाइदा मिल्छ ।

**४. फिचर्स बुझ्न, आवश्यक कुरामा मात्र ध्यान दिने**

आजका स्मार्ट एयर प्युरिफायरमा वाइफाइ कनेक्टिभिटी, मोबाइल एपबाट कन्ट्रोल, अटो मोड, नाइट मोड जस्ता धेरै फिचर्स हुन्छन्। तर सबै फिचर्स सबैलाई आवश्यक पर्दैनन्। बजेट सीमित छ भने आधारभूत तर महत्वपूर्ण फिचर्स जस्तै एचईपीए फिल्टर, फिल्टर चेन्ज इन्डिकेटर, अटो स्पीड कन्ट्रोललाई प्राथमिकता दिनुपर्छ ।

स्मार्ट फिचर्स राम्रा छन् तर अनिवार्य होइनन् । त्यसैले आफूलाई नचाहिने कुरामा बढी खर्च गर्नुहुँदैन । मुख्य कुरा हावा सफा हुनुपर्छ, बाँकी फिचर्स पछि हेर्दा हुन्छ ।

**५. फिल्टर बदल्ने खर्च पनि हेर्नुपर्छ**

एयर प्युरिफायर एक पटकको खरिद मात्र होइन ।

यसमा नियमितरूपमा फिल्टर बदल्नु र सफाइ गर्नुपर्छ । फिल्टर कति महिनासम्म चल्छ र नयाँ फिल्टरको मूल्य कति पर्छ भन्ने कुरा किन्नुअगाडि यकीन गर्नुपर्छ । धेरै सस्ता प्युरिफायरको फिल्टर चाँडै बिग्रिन्छ र नयाँ किन्न महँगो पर्छ, जसले कुल खर्च बढाउँछ । साथै, फिल्टर सजिलै बजारमा उपलब्ध हुन्छ कि हुँदैन भन्ने पनि हेर्नुपर्छ । राम्रो एयर प्युरिफायर त्यही हो जसले कम मर्मत लागतमा लामो समयसम्म काम गर्छ ।

: समाप्त :

# इनड्राइभ 'युनिकर्न कम्युनिटी'मा आवद्ध

काठमाडौं/नेपाल(विश्वव्यापी मोबिलिटी तथा डेलिभरी प्लेटफर्म इनड्राइभ, वर्ल्ड इकोनोमिक फोरम World Economic Forum (WE) को 'युनिकर्न कम्युनिटी' मा आधिकारिकरूपमा आवद्ध भएको छ ।

निमन्त्रणामार्फत् मात्र समावेश गरिने यो प्रतिष्ठित समुदाय उच्च (विकासदर भएका कम्पनीहरूको समूह हो, जसलाई नवप्रवर्तन लाई अघि बढाउँदै सकारात्मक विश्वव्यापी प्रभाव सिर्जना गर्ने योगदानका लागि मान्यता दिइन्छ ।)



नेपालका विभिन्न सहरहरूमा आफ्नो सेवा विस्तार गर्दै आएको इनड्राइभले प्रविधिको प्रभावकारी प्रयोगमार्फत् आमनागरिकका लागि अझ न्यायोचित र समावेशी डिजिटल अर्थतन्त्र निर्माणमा सक्रिय योगदान पुऱ्याउँदै आएको छ ।

कम्पनीकअनुसार, पारदर्शिता वृद्धि गर्दै प्रयोगकर्तालाई रोजाइको स्वतन्त्रता प्रदान गर्नुका साथै सरोकारवालाहरूको हितबीच सन्तुलन कायम गर्न सके मात्र दिगो सफलता हासिल गर्न सकिन्छ ।

युनिकर्न कम्युनिटीमा इनड्राइभको सहभागिताले निष्पक्ष पहुँच, आर्थिक अवसरको विस्तार तथा समावेशीतालाई थप प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ। यसको मानव केन्द्रित प्लेटफर्म मोडेलले यात्रु र चालकबीच प्रत्यक्ष मूल्य वार्ताको सुविधा उपलब्ध गराउँदै डिजिटल बजारमा पारदर्शिता र विश्वासलाई मजबुत बनाउँछ । साथै, महिला उद्यमशीलता, शिक्षा, कला तथा समुदाय केन्द्रित पहलहरूमा सञ्चालन भइरहेका गैरनाफामूलक कार्यक्रम मार्फत् सामाजिक प्रभाव विस्तार गर्ने कम्पनीको प्रतिबद्धता पनि सुदृढ हुँदै गएको छ ।

इनड्राइभका फाउण्डर एण्ड सीईओ आर्सेन टम्स्कीले भने, "वर्ल्ड इकोनोमिक फोरमको युनिकर्न कम्युनिटीमा आवद्ध हुनु इनड्राइभका लागि महत्वपूर्ण उपलब्धि हो। यसले हाम्रो विश्वव्यापी विस्तारलाई थप बलियो बनाउनुका साथै हाम्रो प्रभावलाई अझ व्यापक बनाउनेछ। हाम्रो मूल उद्देश्य संधैं अन्यायलाई चुनौती दिँदै प्रयोगकर्तालाई आफ्नो निर्णयमाथि बढी नियन्त्रण दिने हो। विशेषगरी तीव्र गतिमा विकास भइरहेका तथा सेवा अभाव भएका बजारहरूमा समावेशी, पारदर्शी र न्यायसंगत डिजिटल अर्थतन्त्र निर्माणसम्बन्धि अन्तर्राष्ट्रिय संवादमा योगदान दिन हामी प्रतिबद्ध छौं ।"

वर्ल्ड इकोनोमिक फोरम सार्वजनिक-निजी सहकार्यलाई प्रवर्द्धन गर्ने एक अन्तर्राष्ट्रिय संस्था हो, जसले नवप्रवर्तन, उद्यमशीलता र सहकार्यको माध्यमबाट विश्वव्यापी चुनौतीहरूको समाधान खोज्न र दीगो भविष्य निर्माण गर्न नेतृत्वदायी संवादलाई अघि बढाउँछ । फोरम अन्तर्गतको युनिकर्न कम्युनिटी 'ग्लोबल इनोभेटर कम्युनिटी'को एक महत्वपूर्ण अंग हो, जसले सार्वजनिक तथा निजी क्षेत्रका नेतृत्वहरूसँग सहकार्य गर्दै वर्तमान संकट समाधान र दीगो विकासका लागि मार्गचित्र तयार गर्न सहयोग पुऱ्याउँछ ।

हाल इनड्राइभ विश्वका ४८ भन्दा बढी देशका हजारभन्दा बढी सहरहरूमा सञ्चालनमा छ र यो विश्वकै सबैभन्दा धेरै डाउनलोड हुने मोबिलिटी एपहरूमध्ये एकको रूपमा स्थापित भइसकेको छ, विशेष गरी उदीयमान बजारहरूमा यसको प्रभाव उल्लेखनीय छ । कम्पनीको 'पियर-टु-पियर' मूल्य निर्धारण मोडेलले यात्रु र चालकलाई प्रत्यक्ष रूपमा भाडा तय गर्ने सुविधा प्रदान गर्दै सेवामा पहुँच विस्तार र सेवा प्रदायकहरूको आम्दानीमा न्यायोचितता सुनिश्चित गर्न सहयोग गर्छ ।

युनिकर्न कम्युनिटीमा आवद्धतासँगै इनड्राइभले विश्वका अग्रणी कम्पनी तथा नीतिनिर्माताहरूसँग सहकार्य गर्दै सहरी गतिशीलता, डिजिटल समावेशीकरण र आर्थिक अवसरका नयाँ आयामहरू विकास गर्नेछ । साथै, नेपालजस्ता उदीयमान बजारका अनुभव, चुनौती र सफलताहरूलाई अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्दै विश्वव्यापी संवादमा सार्थक योगदान पुऱ्याउने लक्ष्य राखेको छ ।

# फालिएका सामानबाट फेसन बनाउने भाईरल किशोर



एजेन्सी/इथियोपियाका १५ वर्षका कालु पटिकले प्लास्टिक र फालिएका सामग्रीबाट फेसन लुगा बनाउँदै सोसल मिडियामा लाखौं दर्शक पाएका छन् ।

न कुनै महँगा उपकरण, न कुनै ब्रान्डेड डिजाइन्। छ त उनीसँग सिर्जनाशीलता र लाखौं दर्शक। हामी कुरा गर्दैछौं, इथियोपियाका कालु पटिकको । उनी अहिले मात्र १५ वर्षका छन् । तर, यो उमेरमै उनी बज सिर्जना गर्ने सोसल मिडिया इन्फ्लुएन्सर बनेका छन् ।

मुख्यत: प्लास्टिक, फालिएका सामग्रीबाट उनले फेसनका लुगा बनाउँछन् । त्यो कस्तो देखिन्छ ? पहिरिन्छन् । र, चित्ताकर्षक शैलीमा भिडियो बनाउँछन् । अहिले उनको यही कामले सामाजिक सञ्जालका धेरै प्रयोगकर्ताहरूको मन तानेको देखिन्छ । फालिएका वा वेवास्ता गरिएका सामग्रीहरूलाई पनि आकर्षक तरिकाले देखाउनु नै उनको पहिचान बनेको छ । किनकि उनले कुनै महँगो स्टुडियो, ठूलो प्रोडक्सन वा विलासी सेटमा भिडियो खिच्दैनन् ।

काठको एउटा फलेकमा सन्तुलन मिलाएर उनले आफ्नो सिग्नेचर शैलीमा पोज दिन्छन् । वरिपरि जे भेटिन्छ, पृष्ठभूमिमा तिनै सामग्रीहरू राख्छन् । धेरै जसोमा पुराना जुत्ता, प्लास्टिक, तार, फ्वोइल पेपर र कपडाहरू प्रयोग गरेको देखिन्छ । भिडियो भरी उनी केही बोल्दैनन् । उनले भिडियोमा ट्रान्जिसन र अडियो भने दमदार राख्ने गर्छन् । यसले गर्दा धेरैजना उनको भिडियोमा अडिन पुग्छन् ।

कालु पुटिक कुनै फेसन स्कुलबाट पास आउट होइनन्। उनले यी सब आफैं सिकेका हुन् । उनको त्यो उपलब्धि अहिले फेसन जगतले बेवास्ता गर्न नसक्ने बनिसकेको छ । उनका भिडियोहरूमा लाखौं भ्युज आएपछि कतिपयले फेसनको खाबी लेम भनेरसमेत भनिरहेको देखिन्छ । किनकि खाबी लेम पनि यसैगरी केही नबोलेर टिकटक स्टार बनेका थिए । त्यस्तै उनलाई अहिले ठूला ब्रान्डहरूले सम्पर्क गर्न खोजिरहेका छन् । त्यस्तैमा केही समयअघि इन्स्टाग्रामले कालुलाई आउँदो हप्ता आफ्नो अकाउन्टमा फिचर गर्ने भनेर कमेन्ट गरेको थियो । तर, त्यसमा कालुले कुनै प्रतिक्रिया दिँदैनन् । यसले पनि उनको चर्चामा थपेको छ ।

अहिलेसम्म इन्स्टाग्रामको उक्त कमेन्टमा २० लाख बढी लाइक आइसकेको छ । इन्टाग्रामले आफ्नो अकाउन्टमा विभिन्न क्रियटरहरूलाई फिचर गर्दै आइरहेको छ । त्यही सन्दर्भमा इन्टाग्रामले कालुलाई सम्पर्क गरेको थियो ।

# ३ सगरमाथाबाटै १ अर्बमाथि रोयल्टी संकलन



काठमाडौं/सरकारले चालु आरोहण सिजनमा सर्वोच्च शिखर सगरमाथाबाट मात्रै १ अर्ब रुपैयाँभन्दा बढी रोयल्टी संकलन गरेको छ। पर्यटन विभागका अनुसार मंगलबारसम्म सगरमाथा आरोहणमा कुल ४७ समूहका ४ सय ६४ आरोहीले अनुमति लिएका छन् । उनीहरू मार्फत १ अर्ब १ करोड २८ लाख २३ हजार ९ सय २५ रुपैयाँ रोयल्टी संकलन भएको हो । सरकारले यस वर्ष शरद ऋतुदेखि रोयल्टी शुल्क बढाएको थियो । सोहीकारण यस वर्ष रोयल्टी संकलन वृद्धि भएको हो । यस वर्ष २९ हिमालमा १ सय २७ समूहका १ हजार ७२ आरोहीले अनुमति लिएका छन्। उनीहरूबाट सरकारले १ अर्ब १७ करोड ५५ लाख रुपैयाँ बराबर रोयल्टी संकलन गरेको पर्यटन विभागको तथ्यांक छ ।


सगरमाथापछि यस वर्ष ल्होत्से हिमालमा ९ समूहका १ सय ११ आरोहीले अनुमति लिएका छन्। अमादब्लममा ९ समूहका १ सय ४ आरोहीले अनुमति लिएका छन्। यस वर्ष कुल ७९ मुलुकका आरोही हिमाल चढ्न नेपाल आएको तथ्यांकले देखाउँछ। जसमा सबैभन्दा धेरै चीन र अमेरिकाबाट क्रमश: १ सय ३९ र १ सय ३२ आरोही आएका छन् । त्यस्तै बेलायतबाट ७२ र रुसबाट ६६ आरोहीले अनुमति लिएका छन् । सगरमाथाका लागि मात्र ५५ मुलुकका आरोहीले अनुमति लिएको देखिएको छ। जसा चिनियाँ १ सय, अमेरिकी ६७ र भारतीय आरोही ५८ रहेका छन् ।







आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ । स्थान: रातोमाटे भोर्ले ।

सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

# सरकारप्रति गगन थापाका तीन आपत्ति

सन्देश संवाददाता



काठमाडौं/प्रमुख विपक्षी दल कांग्रेसका सभापति गगन थापाले सरकारका पछिल्ला कामकारवाहीप्रति आपत्ति जनाउँदै विधिको बाटोमा हिँड्न सुझाव दिएका छन् । पार्टीका सांसदहरूलाई बुधबार संसदमा खेल्नुपर्ने भूमिकाबारे प्रशिक्षण दिएका थापाले बाहिर निस्केर सञ्चार कर्मीहरूसँग खुलेर कुरा गरे । उनले सरकारले गरेका कामहरूप्रति मुख्य रुपमा तीन सवाललाई आलो चनात्मकरुपमा उठाएका छन् । उनले जनाएका तीन आपत्ति यस्ता छन

**१. सरकारलाई बहुमतको भ्रम**

लोकतन्त्रको सबैभन्दा आधार भूत कुरा भनेको विधिको शासन हो । कानुनभन्दा माथि कोही पनि हुँदैन, यहाँसम्म कि कानुन बनाउनेहरू पनि कानुनभन्दा माथि हुँदैनन् । तर अहिलेको सरकार एउटा ठूलो भ्रममा छ । मैले पहिले केपी ओलीजी प्रधानमन्त्री हुँदा पनि उहाँलाई सार्वजनिकरूपमै सम्झाएको थिएँ 'तपाईंसँग दुई-तिहाइ छ भन्दैमा जे मन लाग्यो त्यही कानुन बनाउन पाइँदैन, यो भ्रमले तपाईंलाई डुबाउँछ ।' अहिलेको सरकारलाई पनि यही कुरा सम्झाउनु पर्ने भएको छ । सरकारसँग बहुमत हुन्छ, बहुमतले कानुन बनाउन सक्छ, तर कस्तो कानुन बनाउने र त्यसको प्रयोग कसरी गर्ने भन्ने कुरा महत्वपूर्ण हुन्छ । यसमा सरकारको ख्याल पुगेको छैन ।

**२. संवैधानिक परिषद्मा चलखेल**

अध्यादेशको विषयमा नेपाली कांग्रेसको प्रष्ट धारणा छ– अध्यादेश ल्याउनै पाइँदैन भन्ने होइन, यो संवैधानिक व्यवस्था हो । तर, अध्यादेश कुन नियतले ल्याइएको हो भन्ने कुरा प्रधान हुन्छ । अहिले राष्ट्रपतिबाट जारी भएर आएका दर्जनौं अध्यादेशहरू अब संसदमा आउँदैछन् ।

हामीले आफ्ना सांसदहरूलाई भनेका छौं प्रत्येक अध्यादेशलाई जाँच्नुस्, कुन संविधानसम्मत छ र कुनले नागरिकको अधिकार खोसेको छ, त्यसको आधारमा प्रश्न उठाउनुस् हाम्रो सबैभन्दा ठूलो आपत्ति संवैधानिक परिषद्सम्बन्धि व्यवस्थामा छ । संविधानमा यो परिषद्को व्यवस्था किन राखियो भने संवैधानिक निकायहरूमा सरकार प्रमुखको एकलौटी नियन्त्रण वा 'दादागिरी' नचलोस् । तर ७७ सालदेखि अहिलेसम्मका प्रधानमन्त्री-हरूले यसमा छेडखानी गर्दै आउनुभएको छ ।

भोलि बेलुका ५ बजे संवैधानिक परिषद्को बैठक बोलाइएको छ । प्रधानन्यायाधीश कसलाई बनाउने भन्नेमा एउटा दल (रास्वपा) ले पात्र तय गरेको छ र आफ्नो खल्तीबाट झिकेको नामलाई पारित गराउन जालझेलपूर्ण कानुन ल्याइएको छ । प्रधानमन्त्री, सभामुख र कानुन मन्त्री गरी तीनजना मात्रै भए पनि बहुमत पुग्ने गरी जुन प्रपञ्च रचिएको छ, त्यो आपत्ति-जनक छ । बिगतमा पनि यस्तो हुँदा हामीले रोकेका थियौं, अहिले पनि यसमा कांग्रेसको गम्भीर असहमति छ ।

**३. सुकुमवासीप्रति क्रूरता :**

संविधान र कानुनले भूमिहीन दलित र सुकुम्वासीको हकमा वैकल्पिक व्यवस्थापनको कुरा प्रष्टसँग बोलेको छ । नदी किनारमा बसेका वास्तविक सुकुम्वासीको पहिचान गरी उनीहरूलाई व्यवस्थापन गर्नु राज्यको दायित्व हो । यदि कोही नक्कली सुकुम्वासी छ भने उसलाई कानुनबमोजिम कारबाही गर्नुपर्छ, जसमा कांग्रेसको साथ रहन्छ ।

हामीले भूमिसम्बन्धि विधेयकको नवौं संशोधनमा घण्टौं छलफल गरेर ९५ प्रतिशत काम टुङ्ग्याएका थियौं । तर, अहिलेको सरकारले बनेको कानुन कार्यान्वयन गर्नुको सट्टा भूमि आयोग खारेज गरेर समिति बनाउने काम मात्र गर्दैछ ।

सबैभन्दा दुःखद् कुरा, राज्य बर्बर र क्रूर भएको छ । बुद्ध पूर्णिमाको दिन गुम्बा र विद्यालय भत्काइएको छ । अपाङ्ग, सुत्केरी र गरिबमाथि अपराधीजस्तो व्यवहार गरिएको छ । फुटपाथमा सुत्ने मान्छेलाई हटाउन प्रहरीले बल प्रयोग गर्न पाउला, तर उसलाई नाङ्गै बनाएर सडकमा दौडाउन पाउँदैन । अहिलेको 'डोजर आतंक' र राज्यको यो चरित्र हाम्रो संविधानले कल्पना गरेको होइन । हामीलाई यहाँ भोटको राजनीति गर्नु छैन, यी हाम्रा भोट बैंक पनि होइनन् । तर उनीहरू नागरिक हुन् र नागरिकको मर्यादा र इज्जतको रक्षा गर्नु राज्यको परम कर्तव्य हो ।

लिम्पियाधुरा-लिपुलेकको विषयमा सरकारले चालेको कूटनीतिक कदम र सुशासनका केही राम्रा काममा हाम्रो समर्थन रहन्छ । तर, जहाँ फण्डामेन्टल कुराहरू गलत हुन्छन्, त्यहाँ नेपाली कांग्रेस दृढता-पूर्वक उभिन्छ । २०७४ सालमा सानो संख्यामा हुँदा पनि कांग्रेसले प्रतिपक्षको भूमिका निर्वाह गरेको थियो, अहिले पनि हामी जिम्मेवार प्रतिपक्षको धर्म निर्वाह गर्नेछौं । हामी थप सरकारलाई समर्थन गर्छौं सर-कारले अहिले सुशासन सन्दर्भमा चालेका कैयन कदमहरु हाम्रो समर्थन छ हाम्रो साथ छ । मैले साथीहरुलाई सम्झाएको छु । २०७४ सालमा नेकपाको जबरजस्ती दुई तिहाईको सरकार थियो । यस्तै ठूलो धंगधंगी थियो । हामीले जे गरे पनि हुन्छ भन्ने गलत भाष्य थियो । त्यो बेलामा कांग्रेस अहिले जस्तै सानो थियो । तर, त्यही सानो कांग्रेसले पार्लियामेन्टमा अपोजिसनको ड्युटी निर्वाह गरेको हो । हामी अहिले पनि हाम्रो यो पार्लियामेन्टमा हाम्रो अपोजिसनको ड्युटी हामी निर्वाह गर्छौं । संसद साथीहरुलाई यही कुरा भनेका छौं र उहाँहरुले बडो यसमा मेहनत गरेर आफ्नो भूमिका निर्वाह गर्नुहुन्छ भन्ने विश्वास लिएका छौं ।

सुकुम्वासी बस्तीमा चाहिँ अहिले लजमा राखेको हामीले हिजो पार्टीबाट निर्णय गरेर हाम्रो महामन्त्री प्रदीप पौडेलजीको संयोजकत्वमा एउटा समिति बनाएका छौं ।


त्यो समितिको साथीहरु हिजै बाट विभिन्न होल्डिङ सेन्टरमा गइ-राख्नु भएको छ र अहिले हामीले जहाँ आवश्यकता पर्छ त्यो आवश्यकता परेको ठाउँमा हाम्रो तर्फ बाट पार्टीको कर्तव्य पनि हो । हामीले आवश्यकता परेको ठाउँमा हामी हामी सहयोग गर्न चाहन्छौं ।

हामी एकदम क्लियर कुरा गर्न चाहन्छौं । हामीलाई सुकुम्वा-सीको भोटको राजनीति गर्नुछैन । हामी नागरिकप्रतिको हाम्रो कर्तव्य पुरा गर्ने प्रयासमा रहनेछौं । हाम्रो कर्तव्य के हो भने हामी उहाँले कसलाई भोट हाल्नुहुन्छ वा हिजो कस-कसलाई भोट हाल्नुहुन्थ्यो त्यो हाम्रो सरोकार विषय होइन ।

हामीले के चिन्छौं भने उहाँहरू नागरिक हो । नागरिकको मर्यादा हुन्छ, इज्जत हुन्छ । नागरिकको रक्षा गर्ने काम राज्य वा नेपाल सरकारको हो, त्यसैले राज्य कठोर हुन सक्छ तर क्रुरता ब्यवाहार गर्दैन

*पर्यटकलाई ठुलो राहत :*

# गाडीको भन्सार काट्न लाइन बस्ने झन्झटको अन्त्य



सन्देश संवाददाता

वीरगञ्ज/सरकारले भारतीय पर्यटक तथा भारत भएर नेपाल आउने अन्य देशका पर्यटकलाई ठुलो सहजीकरण गर्दै विदेशी सवारीसा धनको अस्थायी इजाजत (टीआईभी) अनलाइनबाटै भर्न र राजस्व तिर्न मिल्ने प्रणाली सञ्चालनमा ल्याएको छ ।

अर्थ मन्त्रालय मातहतको भन्सार विभागले विकास गरेको यो डिजिटल प्रणालीको मङ्गलवार अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले उद्घाटन गरेका छन् । नयाँ व्यवस्थासँगै अब नेपाल भित्रिने पर्यटकले सवारीसाधनको विवरण, भन्सार राजस्व र अस्थायी इजाजत सबै अनलाइनबाटै घरबाटै गर्न सक्नेछन् । यसअघि भन्सार नाकामा पुगेर भौतिक रूपमा अस्थायी इजाजत लिनुपर्ने झन्झट थियो । यात्रा अवधि सकिएमा नवीकरणका लागि फेरि नाकामा पुग्नुपर्ने वा जरिवाना तिर्नुपर्ने बाध्यता पनि थियो ।

अर्थमन्त्री डा. वाग्लेले प्रणाली सञ्चालन गर्दै सरकारले अघि सारेको सुशासन र छरितो गुणस्तरीय सार्वजनिक सेवा दिने घोषणा कार्यान्वयनको यो एउटा महत्त्वपूर्ण कदम भएको बताए । "पर्यटकलाई कुनै सास्ती नहोस्, सरकारी सेवा छिटो, छरितो र पारदर्शी होस् भन्ने हाम्रो चाहना छ । अब सीमा क्षेत्रमा पर्यटकले पाउने सास्ती पूर्ण रूपमा हट्ने छ," उनले भने ।

भन्सार विभागका महानिर्देशक श्यामप्रसाद मैनालीले अब नेपाल प्रवेश गर्ने विदेशी पर्यटकले प्रयोग गर्ने सवारीसाधन सम्बन्धी विवरण अनलाइनमै स्वयं घोषणा गर्न सकिने जानकारी दिए । "प्रक्रिया पारदर्शी र प्रभावकारी बन्नेछ । राजस्व पनि अनलाइन वा बैंक काउन्टरबाट तिर्न सकिन्छ । अनलाइन भुक्तानी गरेपछि इमेलमा प्राप्त हुने क्युआर कोड देखाएर नै सवारीसाधन नेपाल छिर्न सक्छ," उनले भने ।

विभागका अनुसार यात्रा अवधि सकिएमा पनि पर्यटकले नेपालमै रहेको आफ्नो ठेगानाबाट अनलाइन मार्फत नै अवधि थप गर्न सक्नेछन् । नेपालभरिका सडकमा यात्रा गर्दा सोही क्युआर कोड देखाउनुपर्ने व्यवस्था छ ।

**कसरी प्रयोग गर्ने ?**

भन्सार विभागको आधिकारिक वेबसाइटमा गएर 'हाम्रा सेवाहरू' शीर्षकमा क्लिक गर्नुपर्छ । त्यहाँ 'टीआईभी' (अस्थायी सवारी आयात) मोड्युलमा विवरण भर्न सकिन्छ । सबै विवरण अद्यावधिक गरेपछि क्युआर कोड प्राप्त हुन्छ । शुल्क अनलाइन तिरेपछि सवारीसाधन नेपाल भित्रिन सक्छ । यो प्रणाली नेपाल राष्ट्रिय एकद्वार प्रणाली (ल्क्ष्) मार्फत् विकास गरिएको हो । तत्कालका लागि यो सेवा भारत र बंगलादेशका पर्यटकका लागि मुख्य रूपमा लागू गरिएको छ ।

चिनियाँ नाकाबाट आउने सवारीसाधनको हकमा पनि यो व्यवस्था रहने तर हाल त्यस्ता पर्यटकको संख्या न्यून रहेको विभागको भनाइ छ ।

# कलैयामा अतिक्रमित जग्गाका संरचनाहरू हटाउन ३५ दिने अल्टिमेटम



सन्देश संवाददाता

वीरगञ्ज/बारा जिल्लाको सदरमुकाम कलैया उपमहानगर पालिकाले सार्वजनिक तथा सरकारी जग्गामाथि वर्षौंदेखि भइरहेको अतिक्रमण हटाउन निर्णायक कदम चालेको छ ।

उपमहानगरपालिका कार्यालयले बुधवार सार्वजनिक सूचना जारी गर्दै आफ्नो क्षेत्रभित्र मिचेर बनाइएका सबै संरचना ३५ दिनभित्र हटाउन निर्देशन दिएको हो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्देशन र नेपाल सरकारको '१०० बुँदे कार्ययोजना' अन्तर्गत बुँदा नम्बर ९२ लाई आधार बनाउँदै अभियान सुरु गरिएको हो ।

प्रमुख प्रशासकीय अधिकृत रामविनय कुमार सिंहद्वारा जारी सूचनामा नगरको सौन्दर्य तथा सार्वजनिक हितका लागि सरकारी जग्गा संरक्षण अनिवार्य रहेको उल्लेख गरिएको छ । निर्देशनसँगै अब सडक, खोला, नाला, ऐलानी तथा पर्ती जग्गा मात्र नभई सार्वजनिक पोखरी, पार्क, विद्यालय, गौचरन र मठ-मन्दिरका जग्गा अतिक्रमण गरी बनाइएका घर, टहरा र घेरा बारासमेत हटाइने भएका छन् । बजार क्षेत्रमै समेत व्यापक रूपमा अतिक्रमण भएको पाइएपछि उपमहानगरले कडा नीति अवलम्बन गरेको हो ।

उपमहानगरपालिका कार्यालयले अतिक्रमणकारीलाई स्वेच्छाले संरचना हटाउन ३५ दिनको समय दिएको छ । तोकिएको अवधिभित्र जग्गा खाली नगरेमा कानुनबमोजिम डोजर प्रयोग गरी संरचना हटाइने चेतावनी दिइएको छ । साथै अतिक्रमण हटाउँदा लाग्ने सम्पूर्ण खर्चसमेत सम्बन्धित व्यक्ति वा संस्थाबाटै असुल गरिने स्पष्ट पारिएको छ । निर्णयपछि नगर क्षेत्रका अतिक्रमणकारीहरूमा त्रास फैलिएको छ भने सार्वजनिक जग्गा संरक्षणको पक्षमा रहेका स्थानीयले यसको स्वागत गरेका छन् ।

पछिल्लो समय देशभर चर्चामा रहेको 'डोजर नीति' बिच कलैया उपमहानगरको सक्रियताले नगरको स्वरूपमा उल्लेखनीय परिवर्तन ल्याउने संकेत देखिएको छ । पालिकाले सबै नगरवासीलाई जग्गा संरक्षण अभियानमा सहयोग गर्नछ ।

# प्रदेश स्काउटद्वारा 'शान्ति र सुरक्षा' प्रतिवेदन हस्तान्तरण



सन्देश संवाददाता

हेटौंडा/'स्काउट शान्ति र सुरक्षा २२५०' छलफल कार्यक्रमबाट प्राप्त सुझावसहितको विस्तृत प्रतिवेदन बागमती प्रदेश सरकार-लाई हस्तान्तरण गरिएको छ । बागमती प्रदेश स्काउट कार्यालयले मंगलबार एक कार्यक्रमबिच बागमती प्रदेशका सामाजिक विकास मन्त्री कञ्चनचन्द्र बादे र कानुन मन्त्रालय, विपद् व्यवस्थापन शाखाका पदम ओझालाई उक्त प्रतिवेदन हस्तान्तरण गरेको हो ।

फिनल्याण्ड स्काउट र नेपाल स्काउटको संयुक्त साझेदारीमा सञ्चालित 'फिनल्याण्ड नेपाल साझेदारी परियोजना' (एफएनपीपी) अन्तर्गत यो कार्यक्रम सञ्चालन गरिएको थियो । स्काउटका बागमती प्रदेश आयुक्त शिवकुमार तवाएनाको सभाध्यक्षतामा भएको कार्यक्रममा मन्त्री बादेको प्रमुख अतिथ्य रहेको थियो । स्काउट्स, शान्ति र सुरक्षा (एसपीएस) परियोजना नेपाल स्काउट र फिनल्याण्ड सरकारबीचको एउटा संयुक्त प्रयास हो, जसको मुख्य लक्ष्य संयुक्त राष्ट्र संघको प्रस्ताव २२५० का सिद्धान्तहरूलाई नेपालका सातै प्रदेशका स्थानीय तह र समुदाय-हरूमा व्यावहारिकरूपमा लागू गर्नु रहेको छ ।

हस्तान्तरण गरिएको प्रतिवेदनमा बागमती प्रदेशका ८ वटा जिल्लामा सञ्चालित ११ वटा छलफल कार्यक्रमहरूको निष्कर्षलाई समेटिएको छ । ती कार्यक्रमहरूमा १७ देखि ३० वर्ष उमेर समूहका युवा, नगरप्रमुख, नगरपालिकाका कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी, वातावरणविद् र स्काउटका नेतृत्वलगायत करिब ६ सय जनाको सहभागिता रहेको थियो ।

छलफलमा विभिन्न सामाजिक तथा वातावरणीय मुद्दाहरूमा केन्द्रित भई कुराकानी गरिएको थियो । अधिकांश कार्यक्रम जलवायु परिवर्तनको असर न्यूनीक-रण र अनुकूलनमा केन्द्रित थिए । भक्तपुर, चितवन, मकवानपुर, रामेछाप र दोलखामा जलवायु परि-वर्तनसम्बन्धी कार्यक्रमहरू भएका थिए । लैङ्गिक हिंसा रोकथाम र रणनीतिहरूबारे काठमाडौंको चन्द्रागिरि र सिन्धुपाल्चोकमा भएको थियो । सामाजिक समावेशीकरण र अपाङ्गता अधिकारबारे काठमाडौंको बालुवाटार र चितवनमा भएको थियो । यस्तै, मानसिक स्वास्थ्य र कल्याणबारे ललितपुरमा तथा संस्थागत स्काउट सुदृढीकरणबारे काठमाडौंमा छलफल कार्यक्रम भएको थियो ।

बागमती प्रदेशमा जलवायु परिवर्तनप्रति देखिएको उच्च चासोले यस क्षेत्रमा बढ्दो वातावरणीय चुनौतीलाई दर्शाएको प्रतिवेदनमा उल्लेख छ । छलफलका क्रममा प्लास्टिकको प्रयोग, दिगो जीवनशैली, नवीकरणीय ऊर्जाको प्रयोग र फोहोरमैला व्यवस्थापनजस्ता विषयहरू उठाइएका थिए । सहभागी युवाहरूले वायु प्रदूषण, बढ्दो सहरी तापक्रम र जलवायुजन्य स्वास्थ्य जोखिमहरूलाई प्रमुख चुनौतीका रूपमा पहिचान गर्दै तिनको समाधानका लागि सरकार र समुदायको जिम्मेवारीका बारेमा चर्चा गरेका थिए । साथै, नीति निर्माताहरू र युवाबिचको अन्तर-क्रियालाई अझ अर्थपूर्ण बनाउनु पर्नेमा जोड दिइएको छ ।

प्रतिवेदनमा स्काउट संस्थालाई अझ सुदृढ, समावेशी र परिवर्तनशील समाजमा सान्दर्भिक बनाउनका लागि चालिनुपर्ने कदमहरूका बारेमा पनि सुझाव दिइएको छ । युवाहरूले जलवायु परिवर्तन र लैङ्गिक हिंसाजस्ता सामाजिक विषयका साथै संस्थागत सुधारका पक्षहरूमा पनि खुलारूपमा आफ्ना धारणा राखेका छन् । यी छलफलहरूले संयुक्त राष्ट्र संघीय सुरक्षा परिषद्को 'युवा, शान्ति र सुरक्षा' ढाँचाका मुख्य सिद्धान्त-हरूलाई आत्मसात गर्दै युवाहरूलाई निर्णय प्रक्रियामा सक्रिय सहभागी गराउनुपर्ने आवश्यकतालाई पुष्टि गरेको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदन बुझेपछि आफ्नो धारणा राख्दै मन्त्री बादेले प्रतिवेदनको विस्तृत अध्ययन गरी यसका सुझावहरूलाई कार्यान्वयनमा लैजाने प्रतिबद्धतासमेत व्यक्त गरेका थिए ।

उनले अहिले बजेट निर्माणको समय भएको ब्यस्त समयको उल्लेख गर्दै आगामी बजेटमा स्काउटका विषयहरूलाई समेट्ने बताए । सामुदायिक विद्यालयहरूसँग स्काउटलाई जोड्न सके सक्षम र अनुशासित विद्यार्थी उत्पादन गर्न सकिने उनको भनाइ छ ।

# सरकारले खारेज गऱ्यो १२ वटा ट्रेड युनियनको दर्ता

सन्देश संवाददाता

काठमाडौं/श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले बुधबार निजामती सेवा ऐन २०४९ अन्तर्गत दर्ता भएका ८ वटा र स्वास्थ्य सेवा ऐनअन्तर्गत दर्ता भएका ४ वटा ट्रेड युनियनको दर्ता खारेज गरेको हो ।

सरकारले केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश जारी गर्दै दलगत निजामती कर्मचारी र राष्ट्रियस्तरका ट्रेड युनियन खारेज गर्ने निर्णय गरेको थियो । बुधबारको विभागको पञ्जिकाधिकारीको निर्णयले ती ट्रेड युनियनहरूको दर्ता खारेज गरेको जनाएको छ ।

निजामती कर्मचारीहरूको ट्रेड युनियनतर्फ नेपाल निजामती कर्मचारी संगठन, नेपाल निजामती कर्मचारी युनियन, नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन, नेपाल मधेसी निजामती कर्मचारी मञ्च, नेपाल स्वास्थ्यकर्मी संघ, मधेसी स्वास्थ्यकर्मी फोरम नेपाल, एकीकृत सरकारी कर्मचारी संगठन नेपाल, स्वतन्त्र राष्ट्रसेवक कर्मचारी संगठन नेपालको दर्ता खारेज भएको हो ।

स्वास्थ्य सेवा ऐनअन्तर्गत दर्ता भएका नेपाल स्वास्थ्यकर्मी युनियन, स्वास्थ्यकर्मी युनियन नेपाल, राष्ट्रिय स्वास्थ्यकर्मी संघ, नेपाल, राष्ट्रिय प्रगतिशील स्वास्थ्य कर्मी संगठनको दर्ता खारेज भएको छ ।

*सरकारी पेन्सन कोषलाई लगानी गर्ने बाटो खुल्यो:*

# स्टार्टअप र पूर्वाधारमा अर्बौं परिचालन हुने

सन्देश संवाददाता

काठमाडौं/सरकारले अध्यादेशमार्फत कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषको लगानी दायरालाई फराकिलो बनाउँदै प्राइभेट इक्विटी र भेन्चर क्यापिटल फन्डमा लगानी गर्ने कानुनी बाटो खोलिदिएको छ । वैशाख २० मा जारी 'केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८३' ले यस्तो ऐतिहासिक व्यवस्था गरेको हो ।

नयाँ संशोधनअनुसार अब यी तीन ठूला सार्वजनिक निकायले धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त म्युचुअल फन्ड, प्राइभेट इक्विटी र भेन्चर क्यापिटल फन्डका इकाइमा आफ्नो अर्बौंको पूँजी परिचालन गर्न पाउनेछन् ।

यसअघि यी संस्थाको लगानी मुख्यतया बैंकको मुद्दती निक्षेप, सरकारी ऋणपत्र र केही ठूला जलविद्युत् आयोजनामा मात्र सीमित थियो ।

नेपालमा स्टार्टअप व्यवसाय र साना तथा मझौला उद्योगका लागि पुँजी अभाव भइरहेका बेला यो निर्णयले बजारमा ठूलो मात्रामा 'इक्विटी' लगानी भित्र्याउने अपेक्षा गरिएको छ ।

कोषहरूले सीधै कम्पनीमा लगानी नगरी फन्ड म्यानेजरमार्फत व्यावसायिक रूपमा लगानी गर्ने भएकाले लगानी विविधीकरण र जोखिम व्यवस्थापनमा समेत सहज हुनेछ ।

# भारतीय एम्बुलेन्समार्फत् गाँजा तस्करी

सन्देश संवाददाता

वीरगञ्ज/सुनसरीको वराह क्षेत्रमा भारतीय नम्बर प्लेटको एम्बुलेन्स प्रयोग गरेर भइरहेको गाँजा तस्करीलाई प्रहरीले असफल तुल्याएको छ ।

जिल्ला प्रहरी कार्यालय सुनसरीका अनुसार वराहक्षेत्र नगर पालिका-२ पुल्हेगौडाबाट ठूलो परि–माणको गाँजासहित दुईजना भारतीय नागरिक र तस्करीमा प्रयोग गरिएको एम्बुलेन्स नियन्त्रणमा लिइएको हो । इलाका प्रहरी कार्यालय चतराबाट खटिएको गस्ती टोलीले उक्त सफलता हात पारेको हो ।

मंगलवार साँझ करिब ५ बजे चतराबाट तेह्रआर्डीतर्फ आउँदै गरेको बीआर ०७ पीसी ४७६५ नम्बरको एम्बुलेन्सले प्रहरी देख्नासाथ भाग्न खोजेपछि शङ्का लागेको थियो । त्यसपछि प्रहरीले पिछा गरेर उक्त सवारी नियन्त्रणमा लिएको थियो ।

# हावाहुरीले छाना उडाएपछि २६ परिवारको बिचल्लि



सन्देश संवाददाता

हेटौंडा/गत शानिवार आएको हावाहुरी र वर्षासँगैको पानीले मकवानपुरका विभिन्न स्थानमा ठूलो क्षति पुऱ्याएको छ । विशेषगरी मकवानपुरको कैलाश, राक्सिराङ र मकवानपुरगढी गाउँपालिकाका २६ परिवार प्रभावित बनेका छन् । हावा हुरीले घरका जस्तापाता र खरले छाएका छाना उडाइ दिएपछि पीडित परिवार अहिले बिचल्लीमा परेका उनीहरुले बताएका छन् ।

घरको छाना नै उडाएपछि बसोबासमा समस्या भएको र फेरि पानी परिरहेकाले थप जोखिम बढेको स्थानीयले बताएका छन् । कतिपय परिवार अहिले पनि त्यही घरमा, गोठमा, छिमेकीको घरमा अस्थायी बसोबास गरिरहेका छन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार कैलाश गाउँपालिका-९ घैराङटारमा मात्रै ९ घरमा ठूलो क्षति पुगेको छ । बहादुर घलान, कालिमाया वाइबा, तिलकबहादुर घलान, विष्णुमाया लामा, मानबहादुर नेगी, रामहरी घलान, दिलबहादुर स्याङतान, भक्तबहादुर वाइबा र सुर्जबहादुर घलानका घर तथा गोठमा हावा-हुरीले क्षति पुऱ्याएको हो । उक्त क्षेत्रमा मात्रै ११ लाख ६० हजार रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

त्यसैगरी मकवानपुरगढी गाउँपालिका-२ लेनडाँडाका मंगलसिंह तितुङको घरको जस्ता उडाएको छ । त्यहाँ मात्रै १ लाख रुपैयाँ बराबरको क्षति भएको छ । राक्सिराङ गाउँपालिका-९ खरीटोल, गैरीटोल र वडा नम्बर १ चिरघारी भञ्ज्याङमा गरी ९ परिवारका घरको छाना उडेको छ । नरेन्द्र मल्ल ठकुरी, भोजविक्रम सिंह, सेरबहादुर प्रजा, उत्तरकुमार प्रजा, रञ्जित नेगी, सीता रुम्बा, राजकुमार मुक्तानलगायतका परिवार प्रभावित भएका छन् । यस्तै भीमफेदी, इन्द्रसरोवरलगायतका अन्य क्षेत्रमा पनि गोठ, विद्यालय र कुखुरा फार्ममा क्षति पुगेको छ । प्रहरीको विवरणअनुसार ती क्षेत्रमा मात्रै ६ लाख ४५ हजार रुपैयाँ बरा-बरको क्षति भएको छ । मकवानपुर भर हावाहुरीबाट ठूलो क्षति भएको देखिएको छ । यसअघि मकवानपुर को थाहा नगरपालिकामा हावाहुरीका कारण क्षति भएका स्थानमा भने केही परिवारलाई जस्तापाता समेत उपलब्ध गराइएको छैन ।

हावाहुरीले घरको छाना उडाएपछि प्रभावित परिवारहरू अहिले समस्यामा परेका छन् । तत्काल छाना छाउने व्यावस्था मिलाउनका लागि आवश्यक रहेको स्थानीयको भनाइ छ । प्रहरीका विभिन्न इकाईबाट टोली खटिएर क्षतिको विवरण संकलन गर्नुका साथै पीडितको अवस्थाबारे जानकारी लिइ रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

स्थानीय तहले राहत र पुनःस्थापनाको प्रक्रिया अगाडि बढाउने तयारी गरेको जनाए पनि प्रभावित परिवारले तत्काल सहयोगको अपेक्षा गरेका छन् । लगातार पानी परिरहेकाले उनीहरूको समस्या झन् जटिल बन्दै गएको हो ।

**आकर्षक घडेरी बिक्रीमा**

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ । ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला । आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ ।

**सम्पर्क नम्बर : ९८४५१२३३६६**

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं ।

सदाझै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं ।




**माईग्रेसन सर्टिफिकेट हरायो**

मिति २०८२ चैत्र १८ गते हेटौंडा-९ पशुपतिनगरदेखि बुद्धचोकसम्म आउने क्रममा मेरो निम्न व्यहोरा भएको कक्षा १२ को माईग्रेसन सर्टिफिकेट हराएको हुनाले पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल दिइएको ठेगाना वा सम्पर्क नम्बरमा जानकारी गराई दिनुहुन हार्दिक अनु-रोध गर्दछु ।

**नाम** : प्रशान्त घलान
**ठेगाना** : हेटौंडा-९, पशुपतिनगर, मकवानपुर
**रजिष्ट्रेशन नं.** : ८१३३१०१४००३४ **सिम्बोल नं.**: ९३१००९८६
**सम्पर्क नम्बर** : ९७६१७१८७७८

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने